

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"


सिद्धलेक गाउँपालिकाको १३औं गाउँसभाबाट पारित

वार्षिक नीति, बजेट तथा कार्यक्रम

आ.व. २०८०/०८१

(आर्थिक ऐन २०८० तथा

विनियोजन ऐन, २०८०)




सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ धादिङ, बागमती प्रदेश, नेपाल


सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ धादिङ, बागमती प्रदेश, नेपाल


सिद्धलेक गाउँपालिकाको
१३ औं अधिवेशन
१० आषाढ, २०८०
बैठक संख्या :
"समृद्ध सिद्धलेक-उज्यालो सिद्धलेक"


सभा सदस्य
सभा सदस्य
कार्यपालिका सदस्य
बडा अध्यक्ष


Sudurpashchim
Karnali
Gandaki
Bagmati
Province No. 1
Province No. 5
Province No. 2


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी









सिद्धलेक गाउँपालिकाको १३औं गाउँसभाबाट पारित


आ.व. २०८०/०८१ को
नीति तथा कार्यक्रम एवम् बजेट
आर्थिक ऐन, २०८०
विनियोजन ऐन, २०८०

प्रमुख संरक्षक
परशुराम खतिवडा

संरक्षक
सविता अर्याल

सम्पादन
सन्जय बहादुर स्याङतान (प्रमुख प्रशासकीय अधिकृत)
हरि बहादुर पाटामगर (वरिष्ट शाखा अधिकृत)
भूमिराज श्रेष्ठ (लेखा अधिकृत सातौं)
रामकुमार अधिकारी (सूचना प्रविधि अधिकृत)
अनिल दुवाडी (प्रशासन सहायक पाचौं)

प्रकाशक
सिद्धलेक गाउँपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल



राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

अध्यक्षको मन्तव्य



"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"को सपनालाई अन्तस्करणमा सजाएर हामी आम सिद्धलेबासीले साझा प्रण गरेका थियौं । आम नागरिकको सपनालाई सार्थकता दिन सिध्दलेक गाउँपालिकाले केही नयाँ नीति र कार्यक्रमहरू यसवर्ष जारी गरेको छ । हाम्रो भुगोल फराकिलो छ, फराकिलो भुगोलको विभिन्नता जस्तै हामी बीचमा प्रशस्त समस्याहरू पनि छन् । हाम्रा आकांक्षाहरू अनन्त छन् तर हामीसँग स्रोत र साधन ज्यादै न्युन छ । सीमित स्रोत र साधनको अत्यधिक उपयोग गरेर हामीले सिद्धलेकबासीका सपनाहरू पुरा गर्नुपर्छ । त्यही सपना पुरा गर्न नेपाल अधिराज्यको संविधानबाट प्रदत्त अधिकार तथा प्रचलित ऐन कानुनको परिधिमा रही आर्थिक वर्ष २०८०। ८१ का लागि समयमै नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेका छौं । विकास र समृद्धिको यात्रा कहिल्यै अन्त्य हुँदैनन् र हुनु पनि हुँदैन । सिद्धलेकमा परम्परादेखि कायम रहेका चरम शोषण, गरिवी, बेरोजगारी हाम्रा साझा शत्रु हुन् । तिनलाई परास्त नगरेसम्म विकास र समृद्धिको यात्रामा पुग्न सकिन्न । एक दुई वर्षका कार्यक्रमहरू तिनका लागि काफी हुँदैनन् । यसका लागि हामीमा पनि धैर्यता, इमान्दारिता र निष्ठाको आवश्यकता पर्दछ । आलोचना अवरोध र छिनाझपटीले हामीलाई कतै पुऱ्याउँदैन । हिजोका दिन यस्ता फोहोरी खेलले हाम्रै विकासका गतिलाई अल्झाएको मात्र थियो अब सिद्धलेक विकास र समृद्धिको यात्रामा चलिसकेको छ । त्यसैले यो यात्रामा सबैले साथ, सहयोग र हौसला दिनु आवश्यक छ भन्ने ठानेको छु । हामीले यस वर्षको योजनामा सिद्धलेक गौरवको रूपमा रहेको अस्पताल, पर्यटन, कृषि शिक्षा र सडकलाई उस्तै प्राथमिकता साथ जोड दिएका छौं । हाम्रा सम्भावनाहरू यसैसँग जोडिएका छन् र हाम्रा समृद्धिका आधार पनि यिनै हुन् । यही योजनाहरूको सफलतामा हाम्रो समृद्धिको यात्रा तय हुनेछ ।

अन्त्यमा यसवर्षको नीति तथा कार्यक्रम तथा बजेट बनाउन र पारित गर्न सहयोग गर्नुहुने समस्त राजनीति दल, वडा अध्यक्ष तथा सदस्यज्यूहरू, गाउँसभा तथा कार्यपालिकाका सदस्यज्यूहरू, बुद्धिजीवीहरू, कर्मचारीहरू र मेरा प्रेरणाका स्रोत तमाम सिद्धलेकबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अभिनन्दन गर्दछु । साथै बजेटको निष्ठा एवम् इमान्दारीका साथ कार्यान्वयन गर्न गराउन साथ सहयोग हुनेछ भन्ने अपेक्षा पनि गर्दछु ।

परशुराम खतिवडा
अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

उपाध्यक्षको मन्तव्य



नेपालको वर्तमान संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको मूल संरचना रहेको छ । यी तीन तहमध्ये आम जनतासँग सरोकार राख्ने सरकार स्थानीय तह हो । स्थानीय तहभित्र महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु रहने भएकाले स्थानीयहरूसँग सबैभन्दा नजीकको सरकारको रूपमा स्थानीय तह रहेको हुन्छ ।

स्थानीय सरकारको रूपमा रहेको हाम्रो सिद्धलेक गाउँपालिकामा हामी स्थानीयतह निर्वाचन २०७९ बाट आम सिद्धलेक गाउँवासीको अपार समर्थनमा निर्वाचित भै आएपछि एक आर्थिक वर्ष पुरा भैसकेको र आ.व. २०८०/०८१ को लागि तेह्रौं गाउँसभाबाट नीति र वार्षिक बजेट तथा कार्यक्रम निर्धारित समयभित्रै पारित गरेका छौ । जनताको आम सरोकारका विषयहरूलाइ समेट्दै सिद्धलेक गाउँपालिकाको सर्वाङगीण विकासको लागि बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएको छ । निश्चय पनि हामी निर्वाचित प्रतिनिधिहरू स्थानीय सरकारको कार्य जिम्मेवारी लिइ रहँदा कतिपय अवस्थामा कमीकमजोरी नहोला भन्न सकिन्न यद्यपि हामी कमजोरीहरू पन्छाउँदै नयाँ जोश जाँगर र सिद्धलेक गाउँवासीको सहयोग र समर्थनमा उज्यालो सिद्धलेक समृद्ध सिद्धलेक बनाउने कार्यमा दृढ संकल्पका साथ अगाडि बढ्ने छौं । गाउँपालिकाको स्थानीय स्रोत साधन, राजश्व बाँडफाँड र संघ प्रदेशको समानीकरण बजेट, विशेष अनुदान समपुरक अनुदान लगायतबाट निश्चित आय अनुमान गरी वडातह देखि बजेट तथा योजनाहरु छनौट गरी पस्तकको रूपमा प्रकाशन गरिएको छ । योजनाहरुबाट सिद्धलेकमा कृषि पर्यटन शिक्षा स्वास्थ्य पूर्वाधार तर्फ सडक सिँचाइ खानेपानी पुलपुलेसा सामुदायिक भवन ऐतिहासिक मठमन्दिर लगायत धार्मिक तथा साँस्कृतिक रीति परम्पराहरुको संरक्षण लैगिक समानता अशक्त अपाङ्ग पिछडिएका वर्ग समुदायको हितानुकुल हुने गरी बजेट तथा कार्यक्रममा समेटिएको छ ।

यो बार्षिक नीति, बजेट तथा कार्यक्रम बनाउन सहयोग पुर्याउनु हुने गाउँसभाका जनप्रतिनिधिहरु राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै योजनाहरुको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

सविता अर्याल
उपाध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

प्रतिवद्धता



सिद्धलेक गाउँपालिका धादिङको तर्फबाट आ.व. ०८०/८१ को वार्षिक नीति कार्यक्रम तथा बजेट समावेश गरि वार्षिक पुस्तिका प्रकाशन गर्न पाउँदा खुशी व्यक्त गर्दछु । प्रस्तुत पुस्तक बजेट तथा कार्यक्रमको सार्वजनिकीकरण त हुँदै हो, साथै सूचनाको हक सम्बन्धी अधिकार कार्यान्वयन तर्फको एक प्रयास पनि हो । सिद्धलेक गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमहरू समयमै कार्यान्वयन तहमा लैजाने प्रतिबद्धता सहित पुस्तक प्रकाशनमा निर्देशन गर्नुहुने गा.पा अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू तथा कार्यपालिका सदस्य ज्यूहरू एवम गाउँसभाका सदस्य ज्यूहरू प्रति आभार व्यक्त गर्दछु । साथै प्रकाशनमा महत्वपुर्ण योगदान पुर्याउनुहुने कर्मचारी परिवारलाई विशेष धन्यवाद दिदै सफल कार्यान्वयनमा जुट्न अनुरोध पनि गर्दछु ।

सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकिय अधिकृत

सिद्धलेक गाउँसभाका पदाधिकारीहरू



परशुराम खतिवडा
गा.पा. अध्यक्ष



सविता अर्याल
गा.पा. उपाध्यक्ष



पेमा वाङ्ग्याल लामा
वडा अध्यक्ष, वडा नं.–१



राममाया परियार
वडा सदस्य, वडा नं.–१



सर्मपण राना
वडा सदस्य, वडा नं.–१



भगवान भट्ट
वडा सदस्य, वडा नं.–१



भगवती तिवारी
कार्यपालिका सदस्य



शम्भु गुरुङ (सागर)
वडा अध्यक्ष, वडा नं.–२



शर्मिला बस्नेत बराम
वडा सदस्य, वडा नं.–२



खिनमाया श्रीमल
वडा सदस्य, वडा नं.–२



झम्क बहादुर सिलवाल
वडा सदस्य, वडा नं.–२



बद्री प्रसाद अर्याल
वडा सदस्य, वडा नं.–२



देव बहादुर पुलामी
वडा अध्यक्ष,वडा नं.–३



कमला विसुन्के
वडा सदस्य, वडा नं.–३



तुला नारायण श्रेष्ठ
वडा सदस्य न.



बेदनिधी पाठक
वडा सदस्य



प्रेम कुमारी थापा मगर
कार्यपालिका सदस्य



झक बहादुर मगर
वडा अध्यक्ष, वडा नं.–४



लिलानाथ थपलिया
वडा सदस्य वडा नं.–४



छन्द प्रसाद सिलवाल
वडा सदस्य, वडा नं.–४



विन्दा थापा मगर
वडा सदस्य, वडा नं.–४



जुना सार्की
कार्यपालिका सदस्य



बुधे घले
वडा अध्यक्ष, वडा नं.–५



उषा श्रेष्ठ
वडा सदस्य, वडा नं.–५



तिलक बहादुर श्रेष्ठ
वडा सदस्य, वडा नं.–५



सुन्तली वि.क.
वडा सदस्य, वडा नं.–५



प्रकाश कुमार श्रेष्ठ
वडा सदस्य, वडा नं.–५



सुरेन्द्र कुमार मगर
वडा अध्यक्ष, वडा नं.–६



रंग प्रसाद थपलिया
वडा सदस्य, वडा नं.–६



ज्ञान बहादुर माझी
वडा सदस्य, वडा नं.–६



अस्मिता नेपाली
वडा सदस्य, वडा नं.–६



लक्ष्मी थपलिया
कार्यपालिका सदस्य



सानो गिरी
वडा अध्यक्ष, वडा नं.–७



शुक्ला कुमारी आले मगर
वडा सदस्य, वडा नं.–७



सरिता रोका
वडा सदस्य, वडा नं.–७



शंखर बहादुर मगर
वडा सदस्य,वडा नं.–७



राजुमान माझी
वडा सदस्य, वडा नं.–७



रस्मिता माझी
कार्यपालिका सदस्य



श्याम बहादुर घले
कार्यपालिका सदस्य

सिद्धलेक गाउँ कार्यपालिकाका सदस्यहरू



परशुराम खतिवडा
गा.पा. अध्यक्ष



सविता अर्याल
गा.पा. उपाध्यक्ष



पेमा वाङ्ग्याल लामा
वडा अध्यक्ष, वडा नं.–१



शम्भु गुरुङ (सागर)
वडा अध्यक्ष, वडा नं.–२



देव बहादुर पुलामी
वडा अध्यक्ष,वडा नं.–३



झक बहादुर मगर
वडा अध्यक्ष, वडा नं.–४



बुधे घले
वडा अध्यक्ष, वडा नं.–५



सुरेन्द्र कुमार मगर
वडा अध्यक्ष, वडा नं.–६



सानो गिरी
वडा अध्यक्ष, वडा नं.–७



जुना सार्की
कार्यपालिका सदस्य



भगवती तिवारी
कार्यपालिका सदस्य



लक्ष्मी थपलिया
कार्यपालिका सदस्य



प्रेम कुमारी थापा मगर
कार्यपालिका सदस्य



रस्मिता माझी
कार्यपालिका सदस्य



श्याम बहादुर घले
कार्यपालिका सदस्य

विषयसूची

- सिद्धलेक गाउँपालिकाको संक्षिप्त परिचय १
- सिद्धलेक गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण ४
- सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम ७
- सिद्धलेक गाउँपालिकाको २०८०/०८१ को बजेट वक्तव्य २६
- सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन, २०८० ३५
- सिद्धलेक गाउँपालिकाको विनियोजन ऐन, २०८०/०८१ ८०
- सिद्धलेक गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम २०८०/०८१ ८२
- सिद्धलेक गाउँपालिकाको फोटो ग्यालेरी ११५

१. सिद्धलेक गाउँपालिकाको संक्षिप्त परिचय

१.१ परिचयः

सिद्धलेक गाउँपालिका संघीय संरचना अनुसार रहेका ७ वटा प्रदेशहरू मध्ये धादिङ जिल्ला बागमती प्रदेश मा रहेको छ। यस जिल्लामा ११ गाउँपालिका र दुई नगरपालिका गरी कूल तेह्र स्थानीय तहहरू रहेका छन् । जनताको घरदैलोमा सरकारको उपस्थिति गराउने उदेश्य अनुसार साविकका गाउँ विकास समितिहरू (नलाङ,सलाङ र कम्पुर) मिलाएर सिद्धलेक गाउँपालिकाको निर्माण गरिएको हो । यसको कुल क्षेत्रफल १०६.३६ वर्ग कि.मी. रहेको छ जसमा कुल ५,८३६ परिवार संख्या रहेका छन् भने जम्मा २२,२१४ जनसङख्या रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । यस गाउँपालिकाको पूर्वमा निलकण्ठ न.पा र गल्छी गाउँपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरमा ज्वालामुखि गाउंपालिका र निलकण्ठ न.पा तथा दक्षिणमा गजुरी र बेनिधाट रोराङ्ग गाउँपालिका रहेको छ ।

भौगोलिक अवस्थितिः

फैलावटः

१. अक्षांश : २७ डिग्री ८४ मिनेट उत्तरी अक्षांश
२. देशान्तर : ८४ डिग्री ८४ मिनेट पूर्वी देशान्तर
३. पूर्वमा : निलकण्ठ नगरपालिका र गल्छी गाउँपालिका
४. पश्चिममा : गोरखा जिल्ला
५. उत्तरमा : ज्वालामुखी गाउँपालिका
६. दक्षिणमा : गजुरी गाउँपालिका र वेनिघाट गाउँपालिका
७. उचाई : समुन्द्री सतहबाट ४५० देखि १४०० मिटर सम्म
८. जम्मा क्षेत्रफल : १०६.३६ वर्ग कि.मि
९. हावापानी : समशितोष्ण
१०. वार्षिक वर्षा : २१२० मिलिमिटर
११. अधिकतम तापक्रम : ३६ डिग्री सेन्टिग्रेड
१२. न्यूनतम तापक्रम : १० डिग्री सेन्टिग्रेड भन्दा कम
१३. प्रदेश : बागमती
१४. जिल्ला : धादिङ
१५. वडा संख्या : ७ (सात)
१६. केन्द्र : सिद्धलेक गाउँपालिका वडा नं -४, बुङचुङ धादिङ
१७. निर्वाचन क्षेत्र : निर्वाचन क्षेत्र नं १, प्रदेश सभा (ख)

भौगोलिक विवरणः
कूल जमिनको क्षेत्रफल : १०६.३६ वर्ग कि.मि.
खेती योग्य जमिनको क्षेत्रफल : ५८.६९ वर्ग कि.मि.

प्रशासनिक भवनः
सिद्धलेक गाउँपालिकाको हाल आफ्नै भवनबाट प्रशासनिक कृयाकलापहरु संचालन गर्दै आएको छ । वडा नं. १ देखि ७ वटै वडा कार्यालयको प्रशासनिक भवन निर्माण भई प्रशासनिक कृयाकलाप संचालन भइरहेको छ ।

प्रमुख नदीनालाः
यस सिद्धलेक गाउँपालिकाको प्रमुख नदीनालाहरूमा गाउँपालिकाको दक्षिण सिमानामा बाह्रैकाल बाह्रै महिना बगिरहने नेपालकै प्रथमस्तरको त्रिशुली नदीले सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना छुट्याएको छ ।त्यसै गरी सिद्धलेक गाउँपालिकाको साविकको नलाङ, सलाङ र कुम्पुर गा.वि.स लाई छोएर वग्ने थोप्पल खोला छ ।

प्रमुख धार्मिक स्थलः
सिद्धलेक गाउँपालिका भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलहरु मध्ये वडा नं ६मा रहेको चारधाम, वडा नं. ५ मा रहेको बागवच्छला मन्दिर, वडा नं. ५, ६ र ७ को सिमानामा रहेको कुम्पुर लेक टावरमा रहेको पशुपति मन्दिर, वडा नं. ७ मा रहेको सत्यवती मन्दिर, जाल्पादेवि, पञ्चकन्या, भिमसेन थान, गणेशथान, वडा नं. २ मा रहेको सिद्धलेक मन्दिर, वडा नं. ७ मा रहेको सात तले गुफा, वडा नं. ६ मा रहेको मुक्तिनाथ मन्दिर र वडा नं. १ मा रहेको वलदेवी मन्दिर प्रसिद्ध रहेका छन् ।

जनसंख्याको विवरणः
राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार सिद्धलेक गाउँपालिकाको जनसांख्यिकीय विवरणः
कूल जनसंख्या : २२,२१४ जना
पुरुष जनसंख्या : १०,७०२ जना
महिला जनसंख्या : ११,५१२ जना
परिवारको औसत आकार : ३.८१
लैंगिक अनुपात : ९२.९६
जनघनत्व : २०९ जना प्रति वर्ग कि.मि.
कूल परिवार संख्या : ५,८३६ जना

साक्षरता दर : ७१.९ प्रतिशत
पुरुष साक्षरता दर : ७८.९ प्रतिशत
महिला साक्षरता दर : ६५.४ प्रतिशत
समायोजित वडाको विवरण :
नेपाल संघीयतामा गईसकेपछी सिद्धलेक गाउँपालिकाको हालको वडा तपशिलको साबिक गा.वि.स.को वडाहरु समेटी निर्धारण गरिएको छ ।

वडा नं.	साबिकको वडा	साबिकको गा.वि.स.
१	६-९	नलाङ्ग
२	१-५	नलाङ्ग
३	१-५	सलाङ्ग
४	६-९	सलाङ्ग
५	२,८,९	कुम्पुर
६	१,३,४	कुम्पुर
७	५,६,७	कुम्पुर

यातायातः
सिद्धलेक गाउँपालिकाको सम्पूर्ण वडाहरुमा कच्ची मोटर बाटो पुगिसकेको छ । सिद्धलेक गाउँपालिकाका विभिन्न ठाँउमा ७ कि.मि पक्की सडक विस्तार भएको छ ।

संचारः
सिद्धलेक गाउँपालिकाको ७ वटै वडाहरुमा संचारको पहुँच पुगेको छ ।

खानेपानीः
सिद्धलेक गाउँपालिकाको एक घर एक धारा अभियानमा कार्य तीव्र गतिमा अगाडी बढिरहेको छ ।

सिद्धलेक गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण

क्र.सं.	कर्मचारीको नाम थर	पद	कार्यालय
१	श्री सन्जय बहादुर स्याङ्तान	प्र.प्रशासकीय अधिकृत	सिद्धलेक गा.पा.
२	श्री हरिबहादुर पाटामगर	बरिष्ठ शाखा अधिकृत	सिद्धलेक गा.पा.
३	श्री भूमिराज श्रेष्ठ	लेखा अधिकृत (सातौ)	सिद्धलेक गा.पा.
४	श्री मेनुका बास्कोटा	शिक्षा अधिकृत	सिद्धलेक गा.पा.
५	श्रीराम विनय साह	ज.स्वा.निरीक्षक	सिद्धलेक गा.पा.
६	श्री चेतनाथ भट्ट	ज.स्वा.निरीक्षक	सलाङ
७	श्री नविना पौडेल	सि.अ.न.मी. निरीक्षक	सिद्धलेक गा.पा.
८	श्री रामकुमार अधिकारी	सूचना प्र. अ.	गंगाजमूनागापा
९	श्री राजिव गौतम	रो. सयोजक	गल्छी/काठमाण्डौ
१०	श्री प्रशन्न भण्डारी	इन्जिनियर	चितवन
११	श्री अनिल दुवाडी	प्रशासन सहायक पाँचौ	सिद्धलेक गा.पा.
१२	श्री लोकबहादुर बराल	प्रशासन सहायक पाँचौ	सिद्धलेक गा.पा.
१३	श्री रामेश्वर पुडासैनी	प्रा.स. शिक्षा	सिद्धलेक गा.पा.
१४	श्री पुरन श्रेष्ठ	सव-इन्जिनियर	सिद्धलेक गा.पा.
१५	श्री कोमल प्र. जोशी	सहायक पाँचौ कृषि	सिद्धलेक गा.पा.
१६	श्री हिरामाया तामाङ	स. पाँचौ भेटेरेनरी	सिद्धलेक गा.पा.
१७	श्री सन्चिता कुमारी थापा	स. पाँचौ भेटेरेनरी	सिद्धलेक गा.पा.
१८	श्री कविता भट्ट	स म वि नि पाँचौ	सिद्धलेक गा.पा.
१९	श्री सिता थापा	आलेप सहायक पाँचौ	सिद्धलेक गा.पा.
२०	श्री अजयकुमार यादव	सिअहेव पाँचौ	नलाङ स्वा.चौकी
२१	श्री सविता खड्का	सिअनमी पाँचौ	सलाङ स्वा. चौकी
२२	श्री दीपाकली पराजुली	सिअनमी पाँचौ	कुम्पुर स्वा चौकी
२३	श्री सपना थापा श्रेष्ठ	सिअनमी पाँचौ	सलाङ स्वा. चौकी
२४	श्री तुलसीकुमारी महतो	सिअनमी पाँचौ	कुम्पुर स्वा चौकी
२५	श्री भरत बहादुर सिलवाल	वडा सचिव पाँचौ	वडा नं. - १ र २
२६	श्री लक्ष्मी थापामगर	सि अहेव पाँचौ	कार्यक्षेत्र तोकिन बाँकी
२७	श्री अप्सरा अधिकारी	वडा सचिव	वडा नं. ६ र ७
२८	श्री हरि ब.सिलवाल	अ.स.ई. वडा नं. १	सिद्धलेक गा.पा.

२९	श्री निकेत बागदास	अ.स.ई. वडा नं. ६	सिद्धलेक गा.पा.
३०	श्री सुजन श्रेष्ठ	अ.स.ई. वडा नं. ४	सिद्धलेक गापा
३१	श्री हरिप्रसाद थपलिया	साप/राजस्व	त्रिपुरासुन्दरी
३२	श्री केशव प्र.तिमल्सिना	सव-इन्जिनियर	सिद्धलेक १
३३	श्री सीता मगर	का.सहायक	सिद्धलेक ६
३४	श्री तारानाथ सिलवाल	साप	सिद्धलेक १
३५	श्री शान्ति मगराती	साप	सिद्धलेक ७
३६	श्री ज्ञानु थापा मगर	साप	सिद्धलेक ३
३७	श्री पम्फा घले	स.क.अ	सिद्धलेक ५
३८	श्री रामकुमार श्रेष्ठ	स.क.अ.	सिद्धलेक ६
३९	श्री खोमनारायण श्रेष्ठ	का.स.	सिद्धलेक २
४०	श्री भोजबहादुर भुजेल	का.स.	सिद्धलेक ६
४१	श्री सुशिला सिलवाल	का.स.	सिद्धलेक ४
४२	श्री धनबहादुर गुरुङ	ह.स.चा.	सिद्धलेक १
४३	श्री टेकबहादुर घले	ह.स.चा.	सिद्धलेक ५
४४	श्री पूर्णिमा मगर	का.स.	सिद्धलेक ३
४५	श्री सुनिता थापा मगर	का.स.	सिद्धलेक ४
४६	श्री यमकुमारी घले	का.स.	सिद्धलेक ५
४७	श्री बुद्धिलाल श्रेष्ठ	का.स.	सिद्धलेक ६
४८	श्री राजु श्रेष्ठ	का.स.	सिद्धलेक ७
	MIS अपरेटरतर्फ		
४९	श्री सुलोचना खनाल	MIS अपरेटर	सिद्धलेक ७
५०	श्री राममया सिलवाल	फिल्ड सहायक	सिद्धलेक २
	उद्यम विकास तर्फ		
५१	श्री हिरादत्त पौडेल	सा.प.	रसुवा कालिका
५२	श्रीसीता श्रेष्ठ	सा.प.	सिद्धलेक ३
	कानूनी सहजकर्ता		
५३	श्री रामचन्द्र अधिकारी	का.सहजकर्ता	सिद्धलेक ७
	प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ		
५४	श्री प्रदिप कुमार श्रेष्ठ	प्रा.सहायक	सिद्धलेक २
५५	श्री रुपेश अर्याल	रोजगार सहायक	सिद्धलेक २
	कृषिशाखा र पशुसेवातर्फ		
५६	श्री इरिषा पाटामगर	ना.प्र.स.	सिद्धलेक १
५७	श्री भवानी श्रेष्ठ	ना.प्र.स.	सिद्धलेक २
५८	श्री सन्तोष श्रेष्ठ	ना.प.से.प्रा	सिद्धलेक ६

	नलाङ स्वास्थ्य चौकी ठाटीभन्ज्याङ वडा न २		
५९	सीता रेग्मी	का.स	सिद्धलेक २
६०	उमेश रानामगर	ल्याव असिष्टेन्ट	सिद्धलेक ४
	पाल्ले स्वास्थ्य सेवा विन्दु वडा न २		
६१	प्रतिक्षा श्रेष्ठ	अनमी	सिद्धलेक २
	सलाङ स्वास्थ्य चौकी इटपानी वडा न.३		
६२	गोमा बराइली	अ.न.मी.	सिद्धलेक ३
६३	शर्मिला रानामगर	अ.हे.व.	सिद्धलेक ३
६४	टिकामाया थापा	का.स	सिद्धलेक ३
	सयपत्री स्वास्थ्य विन्दू द्वारथोक सलाङ ३		
६५	विद्यालक्ष्मी श्रेष्ठ	अ.न.मी.	सिद्धलेक ३
	कालिका स्वास्थ्य सेवा बिन्दू वडा न.४		
६६	टंक कुमारी आचार्य	अ.हे.व.	सिद्धलेक ४
	आरुवासटार अधारभूत स्वास्थ्य केन्द्र वडा न.४		
६७	आशा श्रेष्ठ	अनमी	सिद्धलेक ४
	आधारभूत स्वास्स्थ्य केन्द्र वडा न.५ चेकवाङ		
६८	सुवास घले	अ.हे.व.	सिद्धलेक ५
६९	सम्झना श्रेष्ठ	का.स	सिद्धलेक ५
	स्वास्थ्य चौकी कुम्पुर वडा न. ६		
७०	शोभा आले मगर	अहेव	सिद्धलेक ७
७१	सरिता गिरी	अनमी	ज्वालामुखी
७२	राजिव सिलवाल	हे अ	सिद्धलेक ४
	आदमटार आधारभूत स्वास्थ्य केन्द्र आदमटार वडा न. ७		
७३	अस्मिता तिवारी	अनमी	ज्वालामुखी
	गाउँपालिका बुङचुङ हेल्थ डेस्क		
७४	सुवना घले	अहेव	हेल्पडेस्क गापा
७५	सविना मगर	अनमी	सिद्धलेक २

सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम (आ.व. २०८०/०८१)

अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम

श्री गाउँसभाका सदस्यज्यूहरू
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
श्री शाखा प्रमुखज्यूहरू
श्री राजनीतिक दलका प्रतिनिधिज्यूहरू
श्री पत्रकार मित्रहरू
श्री सुरक्षा निकायका प्रमुखज्यूहरू साथै सम्पूर्ण सिद्धलेकबासी श्रद्धेय आमा बुबा दिदीबिहनी तथा दाजुभाइ लगायत उपस्थित महानुभावहरू,

सिद्धलेक गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी आ.व. २०८०।०८१ को गाउँसभाको १३औ बैठक तथा अधिवेशनमा उपस्थित हुनु हुने सम्पूर्ण सभाका सदस्यज्यूहरू लगायत सम्पूर्ण महानुभावहरूमा म हृदयदेखि स्वागत गर्दै सबैमा आभार व्यक्त गर्दछु । यसका साथै नागरिकहरूको अधिकार र स्वतन्त्रताको लामो यात्रामा साहदात प्राप्त गर्नु हुने सबै ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आदरणीय सभाका सदस्यहरू,

नेपालको संविधान २०७२ ले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सँगै जातीय, क्षेत्रीय धार्मिक लैंगिक भाषिक लगायत समाजका सबै प्रकारका विभेद अन्त्यगरी आर्थिक समानता सामाजिक न्याय र समान अवसरको सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारभूत र समतामुलक समाजको निर्माण र परिकल्पना अनुरूप ३ तहको सरकारको व्यवस्था सहित स्थानीय सरकारको रूपमा नगर तथा गाउँपालिकाहरू स्थापना भएका छन् । पालिकाहरूले आम नागरिकको सुन्दर भविष्यको सपना साकार पार्ने संकल्प बोकेर स्थापना भएका छन । हामी पनि सिद्धलेक गाउँपालिकाको आमनागरिकहरूको सुन्दर भविष्य र सुखी सिद्धलेकवासी तयार गर्ने परिकल्पना सहित समृद्ध सिद्धलेक उज्यालो सिद्धलेक बनाउने अठोटका साथ उपस्थित भएका छौं ।

गत २०७९ बैशाख ३० को स्थानीय तहको दोस्रो निर्वाचनबाट हामी निर्वाचित भैइसके पछि चालु आ.व. २०७९।०८० को लागि नयाँ सोच र समृद्ध सिद्धलेक बनाउने परिकल्पना सहित नीति तथा कार्यक्रम पेश गरेका थियौं । तत्काल हामी निर्वाचित जनप्रतिनिधिहरूको पहिलो अभ्यास भएकोले कतिपय पक्षहरूलाई सारभूत रूपमा समेट्न सकेका थिएनौं होला यद्यपि आम सिद्धलेकवासी नागरिकहरूले हामीलाई जुन आशा विश्वास र भरोसा सहित निर्वाचित गराउनु भयो उहाँहरूको भावनालाई समेटेर सिद्धलेक गाउँपालिकाको समग्र विकासको लागि असल अभ्यासको लक्ष्यहरू समेटेर नीति तथा कार्यक्रम तयार गरेका थियौ ।

आज १३ औं गाउँसभा भैरहँदा हाम्रो एक वर्षको कार्य अवधि सम्पन्न भै सकेको छ । चालु आ.व. २०७९।०८० लागि स्वीकृत भएको नीति तथा कार्यक्रम अनुसार तर्जुमा भएको बजेट तथा योजनाहरू सम्पादन भै अन्तिम चरणमा पुगेका छन् । आ.व. २०८०।०८१ को लागि पनि हामीले सिद्धलेक गाउँपालिकावासिहरूको विश्वास र भरोसामा रत्तिभर आँच नआउने गरी उहाँहरूको अमूल्य मतको उच्च सम्मान सहित कर्तव्यनिष्ठ, इमान्दारीता र प्रतिवद्धताका साथ लोकतान्त्रिक यात्रामा सदैव जनचाहना, जनहित र जनविश्वासयुक्त हुने गरी नीति कार्यक्रम र सोहि अनुरूपको बजेट निर्माण गर्न प्रतिवद्ध छौं ।

सभासदज्यूहरू

सिद्धलेक गाउँपालिकाले स्थानीय सरकार सञ्चालनको ६ वर्षको अवधि पुरा गरिसकेको छ । यो अवधिमा भौतिक पुर्वाधार विकास र सामाजिक विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । तर हामिले देख्दै आएको उज्यालो सिद्धलेक सम्वृद्ध सिद्धलेकको परिकल्पना लाई पुरा गर्नको लागि प्रष्रूट दृष्टिकोण र सम्वृद्ध मार्गचित्र निर्माण गर्न सकेका छैनौं । हामी यो आर्थिक वर्ष भित्रमा सिद्धलेकको आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार गरि सोही अनुरूपको निति, योजना तर्जुमा गरि व्यवहारिक कार्यान्वयनको बाटोमा जानेछौं । सिमित साधन स्रोतका बावजुद पनि हामीले गाउँपालिकाको समग्र विकासको निमित्त विकासको प्रतिफल समानरूपमा प्राप्रूत हुने गरी बजेटको सिमा, असिमित आवश्यकता र समस्याहरूका पहाडलाई छिचोल्दै तपाईहरूले नै निर्धारण गर्नुभएका प्राथमिकताहरूको आधारमा गाउँपलिकाको लक्षित विकासको मार्गचित्रबाट यात्रा अगाडि बढाउने प्रयासमा रहने छौं ।

आजको २१औं शताब्दीमा विज्ञान र प्रविधिले विश्वलाई नै एक सानो समुदायमा परिणत गरेको सन्दर्भमा गुणस्तरीय शिक्षा विशेषगरी प्राविधिक शिक्षा र कृषिमा आधुनिकीकरण र प्रविधि युक्त खेतिप्रणाली आजको अहम् आवश्यकता हो । यद्यपि कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, प्रविधियुक्त गर्ने,उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना गर्ने, सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गरी नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउने, गुणस्तरीय शिक्षा प्रदान गरी नागरिकको दक्षता अभिवृद्धि गर्ने, सामाजिक विकासलाई कृषि पर्यटनसँग आवद्ध गरी संस्थागत विकासको प्रतिफल हासिल गर्ने जस्ता चुनौती हामी माझ कायम नै रहेको छ। २०७२ को विनाशकारी भुकम्पबाट क्षति हुन गएका घर/टहरा तथा सार्वजनिक भवनहरुको पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ । यस अवस्थामा पालिकाभित्र भुकम्पबाट घर क्षति भई लाभग्राहीमा नाम छुटेका वास्तविक लाभग्राहीहरूको समस्या समाधानतर्फ पालिकाबाट प्रयास भएकोमा केही सम्बोधन भएको र बाँकी रहेका समस्याहरुको समाधानका लागि गाउँपालिका लागि परेको छ ।

प्रशासनिक भवन तथा वडा कार्यालयहरू

सिद्धलेक गाउँपालिकाको कार्यालय प्रयोजनार्थ तीनवटा भवनमा ३२ कोठा निर्माण भई सोही भवनबाट सेवा प्रवाह भईरहेको छ । करिब १५० जना अट्ने क्षमताको एउटा हल र करिब २० जना अट्ने क्षमताको एउटा बैठक कक्ष निर्माण भई प्रयोगमा आएको छ र सिद्धलेक गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरूमा सम्वन्धित वडा कार्यालयहरूकै नाममा वडाकार्यालय भवनहरू निर्माण भई नियमित सेवा प्रवाह भैरहेको छ । गाउँपालिकाको प्रशासनिक भवनहरूको सम्वन्धमा व्यवस्थित र अत्याधुनिक किसिमको भवनहरूको अभाव रहेको छ । नयाँ प्रशासनिक भवन निर्माण गर्नका लागि सम्बन्धित निकायमा बजेट व्यवस्थापनको लागि आवश्यक प्रकृया अघि बढाउने नीति रहेको छ ।

सडक कालो पत्रे तथा स्तरोन्नती तर्फ

सडक पूर्वाधारको पनि मुख्य पूर्वाधार हो । अन्य सबै विकासको लागि हरेक वस्तिहरूमा सडक संञ्जाल जोडिनु पर्दछ र यो हाम्रो परिवेशमा अनिवार्य सर्त पनि हो । तर हाम्रा अधिकांश ग्रामिण सडकहरू दिगो, बलियो र भरपर्दो छैनन् । व्यवहारिक हिसावले सडक सञ्जालको ब्यापक विकास भए पनि प्राविधिक र भौगोलिक अवस्थितिका कारण ग्रामिण सडकहरू जोखिममा रहेका छन् सर्वकालिन सडक (All Weather Road) निर्माण गरि भरपर्दो र विश्वसनीय बनाउनको लागि सिद्धलेक गाउँपालिका दिर्घकालिन सोच सहित तपशिल बमोजिमको नीति तथा कार्यक्रम ल्याएका छौं ।

१. हरेक वडामा सवै बस्तिहरूलाई समेट्ने गरि चक्रपथ निर्माण गर्ने अवधारणा अनुरूप सडक विस्तार गरी ति सडकहरूलाई जिल्ला तथा राष्रूट्रिय सडक सञ्रूजाल संग जोडिने छ ।
२. वडाका मुख्य सडकहरूलाई सर्वकालिन सडक (All Weather Road) बनाउनको लागि पक्रूकी नाला ढल निकास र ग्रावेल गर्ने कार्य यसै वर्षबाट सुरू गरिने छ ।
३. गाउँपालिका वासीहरूको समस्यालाई मध्यनजर गरी हरेक वडाहरूमा आवश्यकता अनुसारको सडक श्रमिकहरूको (length Worker) व्यवस्था गरिनेछ । यसवाट कम्तिमा ५० जनाले १०० दिनका लागि प्रत्यक्ष रूपमा रोजगार प्राप्रूत गर्नेछन् भने सडकको संरक्षणमा समेत सहयोग पुग्रूने अपेक्षा गरिएको छ ।
४. परेवाटर - पिपलटार - आदमटार - फोस्रेटार सडक खण्डको परेवाटार देखि जरेपुल सम्मको ग्रामिण सडकको स्तरोन्रूनती गरी सर्वाकालिन रूपमा सञ्रूचालन गर्न योग्य सडकको रूपमा विस्तार गरिने छ ।

५. ग्रामिण सडकहरूलाई दिगो भरपर्दो र सर्वकालिन प्रयोगमा ल्याउन समुदाय - पालिका साझेदारी कार्यक्रम ल्याइने छ र ति सडकहरूलाई आवश्यकताको आधारमा समूदायलाई हस्तान्तरण गरी सडक संरक्षणको लागि परिचालन गरिने छ ।

भूगोलको बनावटको कारणबाट सडक तथा अन्य पूर्वाधार विकासमा समस्या आउनु हाम्रो लागि चुनौती हो । हाम्रो गाउँपालिकाको लागि ५ वटा गौरवका नमूना सडकहरू छनौंट गरि पक्की सडक संरचना विस्तारका कार्यहरू भै रहेका छन् ।

१. बैरेनी पिपल नलाङ ठाँटी कमलावरी सडक गत आ.व. मा १ कि.मी कालोपत्रे र चालु आ.व. मा बरबोटे देखि भट्टराइ चौतारो र भट्टराई चौतारोदेखि पिपल नलाङ सडक खण्ड कालोपत्रे सडक स्तरोन्नती गर्ने कार्य भैरहेको छ । आगामी वर्षमा पनि सडक कालो पत्रे गर्ने कार्यलाई निरन्तरता दिइने छ । साथै अर्चले तारनलाङ हुँदै ठाँटी सडक र डुम्रेखोला वडा नं. १ को वडा कार्यालय हुँदै ठाँटी सडक यसै वर्ष देखि कालोपत्रे गरिनेछ ।
२. बुङचुङ-भेडावारी-मैदान- कमलाबारी सडक गत आ.व.मा १.५ कि.मी सडक कालोपत्रे भईसकेको र यस आ.व.मा पनि सडक स्तोरन्नती कार्यलाई निरन्तरता दिईने छ ।
३. यसैगरी परेवाटार कुम्पुर भञ्ज्याङ कालीदह सडक परेवाटार तर्फबाट ७०० मिटर पक्की सडक अघिल्लो वर्ष नै भएको छ भने उक्त सडकको स्तरोन्नति कार्य चालु आ.व.मा पनि भै रहेको छ । आगामी वर्षमा कालिदह देखि कुम्पुर भञ्ज्याङ जोड्ने सडक कालोपत्रे गर्ने कार्य प्रारम्भ गरिने छ ।
४. जरे आदमटार अमिलिछाप भाल्डाँडा भैंसे हुँदै कुम्पुर भञ्ज्याङ सम्मको सडकलाई पनि नमूना सडकको रूपमा विस्तार गर्ने उद्देश्यले सडक स्तरोन्नती र कालो पत्रे गर्ने कार्य चालु आ.व.मा भैरहेको छ । आगामी वर्षमा पनि यो सडक कालो पत्रे र सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
५. दोभान टार ठाँटी भन्ज्याङ सडकको स्तरोन्नतीको कार्य चालु आ.व.मा भै रहेको छ । आगामी आ.व. यो सडक कालो पत्रे र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
६. तारनलाङ हुँदै बुङचुङ सडकको स्तरोउन्नती कार्य चालु आ.व मा भै रहेको छ । आगामी आ.वमा यो सडक कालोपत्रे र स्तरोउन्नती गर्ने कार्यलाई निरन्रूतरता दिइने छ।
७. हरेक मूल सडक तथा प्राथमिकताका आधारमा सहायक कृषि सडकको स्तरोन्नती गरी बाह्रै महिना आवत-जावत तथा यातायात सञ्चालनको प्रबन्ध मिलाईने छ । साथै गाउँपालिका भित्रका सबै सडकहरूको संजाललाई गाउँपालिकाको यातायात गुरूयोजना (RMTMPM Rural Municipality Transport Master Plan) बनाउने कार्य चालु आ.व.मा सम्पन्न भै सकेको छ । गाउँपालिका भित्रका निर्माण भएका बाटो तथा सडकहरूको लगत राख्ने र गाउँपालिकाको पहिचान झल्कने गरी नामाकरण गर्ने कार्यलाई यसै आर्थिक वर्षबाट सञ्चालन गरिनेछ ।

८. सिद्धलेकभित्र निर्माण भएका खानेपानी योजनाको संरक्षण सम्वर्द्धन गर्दै नयाँ धारा निर्माण तथा मर्मत सम्भारको कार्यलाई निरन्तरता दिँदै "सिद्धलेकको अभिभारा- एक घर एक धारा" भन्ने नारालाई सार्थकता दिने नीति अवलम्बन गरिनेछ ।

९. यस सिद्धलेक गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि स्वीकृत प्राप्त भएकोमा सिद्धलेक गाउँपालिकाको वडा नं. १ बैरेनी स्थित अस्पताल निर्माण गर्ने प्रकृया आगामी आ.व. देखि शुरूवात गरिने छ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको विकास र विस्तारका लागि अव्वल रूपमा कार्य गर्ने नीति लिइने छ ।

१०. "उत्पादनमा वृद्धि सिद्धलेकको विकास र सम्वृद्धि"भन्ने नारा सहित कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र प्रविधिमुलक बनाइ कृषिमा आत्मनिर्भर उन्मुख योजनाहरू अगाडि ल्याउने नीतिलाई निरन्तरता दिइने छ । कृषकको जिवनस्तर उकास्न कृषक लक्षित विभिन्न कार्यक्रमहरू ल्याईनेछ । कम्तीमा एक घर एक फलफुल, एक विद्यार्थी एक फलफुल र विद्यालयमा एक शिक्षक एक फलफुल कार्यक्रम कार्यान्वयनमा निरन्तरता ल्याईनेछ ।

वातावरण स्वच्छता अभियान अन्तर्गत सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमानामा पर्ने फुर्केखोलादेखि सिद्धलेक गाउँपालिका र नीलकण्ठ नगरपालिकाको सिमानामा पर्ने च्याँडुखोला सम्म सडकको दुवैतर्फ खाली रहेका ठाउँहरूमा विभिन्न बिरूवाहरू वृक्षारोपण गरी "हरियाली सिद्धलेक सुन्दर सिद्धलेक" बनाउने नीति ल्याइने छ । छिमेकी पालिकासँगको सिमानाहरूमा गाउँपालिकाको स्वागत गेट निर्माण भै सकेको छ ।

गाउँपालिकाभित्र निर्माण भएका खेल मैदानहरूको संरक्षण र व्यवस्थित गर्दै एक वडा एक खेल मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ । "उज्यालो सिद्धलेक" अभियानलाई सार्थकता दिन परेवाटारदेखि कालिदहसम्म कालुपाण्डे राजमार्गका बस्तीमा जडान गरिएका सडक बत्तिलाई मर्मत सम्भार गरिनेछ र यसलाई निरन्तरता दिन समुदाय र गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइने छ । पालिकाभित्र रहेका विद्युतका काठका पोलहरू पूर्णरूपमा विस्थापित गरिनेछ । यसै अभियानलाई सार्थकता दिन मासिक २० युनिटसम्म खपत गर्ने सिद्धलेकभित्रका नागरिकको विद्युत महशुल पालिकाले व्यहोर्ने नीतिलाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ ।

सिद्धलेक गाउँपालिका भित्र रहेको धार्मिक सास्कृतिक र ऐतिहासिक महत्वको क्षेत्रहरूको पहिचान गरी इतिहास,धर्म, संस्कृति, संरक्षण सम्वर्द्धन गर्ने, दस्तावेजीकरण गर्ने, तिनको प्रचार प्रसारको निम्ति आवश्यक कार्ययोजनाहरू बनाउने, विकास र विस्तार गर्ने पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनका निम्ति सम्भाव्यता अध्ययन गर्ने, दस्तावेजीकरण गर्न कार्यहरूको निरन्तरता दिइने छ ।

गाउँपालिका भित्रको विविध भेष भाषा, कला, संस्कृतिको संरक्षण गर्दै तिनीहरूका विकास विस्तार संरक्षण र प्रवर्द्धन गर्ने कार्यको रणनीति बनाइने छ ।

आदरणीय सभासदहरू

अव म सिद्धलेक गाउँपालिकाको आ.व.२०८०।०८१ को लागि क्षेत्रगत तथा विषयत रूपमा प्रस्तावित नीतिहरू प्रस्तुत गर्दछु ।

आर्थिक विकास तर्फ

सम्वृद्धिमा पुग्ने मार्ग नै आर्थिक विकास भएकोले सिद्धलेकवासीको आयआर्जनमा वृद्धि गर्न आवश्यक छ । उत्पादनमा वृद्धि गर्न उच्च प्रविधिको प्रयोगमा रोजगारी सृजना व्यवसायी मैत्री वातावरण कृषि क्षेत्रमा व्यवसायिक साथै नागरिकको जिवनस्तरमा सुधार आजको प्रमुख आवश्यकता हो । कृषिजन्य वस्तुहरूको आयातलाई निरूत्साहित गर्दै निर्यातलाई गुणात्मक रूपमा वृद्धि नगर्दा सम्म सिद्धलेकको आर्थिक विकास सम्भव छैन् । तसर्थ सिद्धलेक गाउँपालिकाले आर्थिक विकासको लागि आ.व २०८०/०८१ मा निम्रून बमोजिमको नीति तथा कार्यक्रम ल्याएको छ ।

१. पालिकास्तरीय उत्पादनशिल क्षेत्रमा आयोजना तथा योजनाहरूको छनोट गरी आ.व. २०८०/८१ मा कार्य सूरू गर्ने नीति लिईनेछ । पालिकास्तरीय गौरवका नमूना आयोजनाहरू कार्यान्वयन गरी स्थानीयस्तरमा रोजगारीको सिर्जना र नागरिकको जीवनस्तरमा सुधार ल्याउने नीति रहने छ ।
२. स्थानिय तहको लागि दिगो स्थानिय आर्थिक विकासका निम्ति निजि क्षेत्र, सहकारी, गैर सहकारी संस्था र स्थानीय समुदाय संग सझेदारीमा प्रभवकारी क्षमता विकास, उत्पादन वृद्धी, उद्यम विकास, बजारीकरतण, रोजगारी सृजना तथा पूर्वाधार निर्माणका कार्यक्रमहरू संचालन गरिने छ ।
३. व्यवस्थित पशुपन्छी फर्म, पोल्ट्री फर्म, मौरीपालन तथा दुग्ध उत्पादनको विकासका लागि आधुनिकीकरण र प्रविधिकरण गरी व्यवसायिक रूपमा सञ्चालन गरिनेछ । कृषिका सम्पूर्ण कार्यक्रमहरू पकेट क्षेत्र निर्धारण गरी वितरण गरिनेछ । त्यसका लागि उत्पादनमुखी अनुदान कार्यक्रमको निर्देशिका बनाई लागु गरिनेछ ।
४. कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि उन्नत विउ विजन, प्रविधिको उपयोगको लागि चेतना वृद्धि तथा मिनि टिलर लगायतका आधुनिक कृषि उपकरणहरू कृषकलाई अनुदान सहयोग गर्ने र तरकारी खेती, फलफूल खेती आदिमा आत्मनिर्भर बनाउन कृषकहरूलाई कृषि प्राविधिकसम्मको पहूँचको सुनिश्चितता गरिने नीतिलाई निरन्तरता दिइने छ ।
५. सहकारीहरूको अनुगमन गरी अद्यावधिक अवस्थाका वारे जानकारी लिने तथा सहकारीको वार्षिक प्रतिवेदनहरू अनिवार्य रूपमा गाँउपालिकामा दर्ता गर्ने प्रणाली लागू गरिनेछ । किसानहरूलाई उनीहरूको आम्दानीको केही प्रतिशत रकम बचत गराउन सहकारीले प्रोत्साहन गर्नेछ । सहकारीहरू तथा पालिकाको लगानीमा व्यवस्थित कृषि बजारको डि.पि.आर. तयार गरी निर्माण प्रक्रिया आरम्भ गरिनेछ।
६. व्यापार व्यवसाय दर्ता तथा नवीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम ल्याइनेछ । यसका

लागि उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ। गाउँपालिकाभित्र व्यवसाय दर्ता गर्दा महिलाको नामबाट दर्ता गरिएमा दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७. उद्योगीहरूलाई उद्योग खोल्न प्रोत्साहन गर्ने, सहजीकरण गर्ने र उचित वातावरण निर्माण गरिनेछ।

८. पर्यटकीय क्षेत्र प्रवर्द्धनको लागि यस वर्ष सिद्धलेक ढेवालेक क्षेत्र तथा कुम्पुर टावर क्षेत्र प्रवर्द्धन गर्ने, त्रिशुली नदीमा च्याफ्टिङ प्रवर्द्धन गर्ने, सम्भाव्य पर्यटकीय ठाँउमा पुग्ग पदमार्ग निर्माण तथा व्यवस्थित गरिनेछ ।

९. प्राथमिकता तथा आवश्यकताको आधारमा सडक, सामुदायिक भवन, सिंचाई, विद्यालय भवन, सार्वजनिक शौचालय, मठ मन्दिर, मरणघाट, स्वास्थ्य चौकी भवन, यात्रु प्रतिक्षालय, खेल ग्राउण्ड निर्माण, ग्रामिण विद्युत विस्तार, कृषि सामाग्री संकलन केन्द्र तथा पशु हाटबजार निर्माण, पोखरी निर्माण तथा चौतारा, धाराकुलो, खोलाकिनारा संरक्षण र सम्वर्द्धन गर्ने नीति लिईनेछ ।

१०. अध्यक्ष उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ र त्यस मार्फत उद्यमशील युवाहरूलाई प्रोत्साहन गरिनेछ ।उद्यमशील किसानहरूलाई उत्प्रेरित गर्न "अध्यक्ष किसान भेटघाट र पालिका किसान सहकार्य" कार्यक्रम सञ्चालन गरिनेछ ।

११. गाउँपालिकाभित्रको गरिव घरधुरीको पहिचान गरी विशेष राहतका कार्यक्रम ल्याईनेछ ।

१२. गरिव किसान र मजदुर वर्गको परिवारलाई बाहै महिना खान पुग्ने उचित अवसर र श्रोतको पहिचान गर्न रणनैतिक योजना तर्जुमा गरी कार्यक्रम लागू गरिनेछ ।

१३. सिद्धलेक युवा उद्यमशील अभियान सञ्चालन गरिनेछ । पालिका भित्रका युवाहरूलाई स्वरोजगार बनाउने सीपविकासका कार्यक्रमहरू लघुजल विद्युत, सहायक प्लमवर, मोटरसाइकल मेकानिक, कम्प्युटर हार्डवयर टेक्निसियन र ड्राइभिङ आदि जस्ता सीपयुक्त विषयहरूमा तालिम दिइ सक्षम जनशक्ति निर्माण गर्ने नीति लिइने छ ।

१४. थप पालिकास्तरीय एव वडा स्तरीय गौरवका आयोजनाहरू छनोट गरी आ.व. २०८०।०८१ मा कार्यान्वयन गरिने छ । यसबाट स्थानीयस्तरमा रोजगारीको सिर्जना भई नागरिकको जीवनस्तरमा सुधार गर्न मद्दत पुग्नेछ ।

पूर्वाधार विकासतर्फ

१. सिद्धलेकको समुन्रूनतीको लागि सबैभन्दा ठूलो आधारको रूपमा रहेको भौतिक पुर्वाधार क्षेत्रको व्यवस्थित विकासका लागी निर्माण गरिने एकीकृत गाउँ विकास गुरूयोजना प्राथमिकताका आधारमा तिनै तहका सरकार बीच समन्वय गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२. जनतामा विकास आयोजनाहरूको अपनत्व अभिबृद्धि गर्न "सह-लगानीका आयोजनाहरू" लाई प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । सम्भावना सहजता र पहुँचका आधारमा होमस्टे सञ्चालन गर्ने नीति लिईनेछ ।

३. गाउँपालिका क्षेत्रभित्रका खुल्ला स्थानहरूमा वाटर फाउन्टेन, झरना, बगैंचा, नर्सरी, साना जात का बृक्षरोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कला कृति निर्माण, प्रवर्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा सा.नि.सा. अवधारणामा टोल विकास संस्थाहरू, स्थानीय क्लव, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरूको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

४. पालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न निर्माण आयोजनाको गुणस्तर नियन्त्रणको लागि ल्याव र ल्याव परीक्षणको व्यवस्था मिलाईने छ ।

५. पूर्वाधारको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवम् सञ्चालन गर्न टोल विकास संस्था, समुदाय र उपभोक्ता समितिलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

६. विभिन्रून भौतिक संरचना र पूर्वाधारलाई राष्ट्रिय मापदण्ड अनुरूप निर्माणमा प्राथमिकता दिईनेछ ।

७. गाउँपालिकाको मुख्य ५ वटा सडकहरूलाई नमूना सडक घोषणा गरी स्तरोन्नती र कालोपत्रे गर्ने काम प्राथमिकतामा राखिनेछ । पृथ्वी राजमार्गबाट वडा नं. ७ जोड्ने पक्की पुल सञ्चालनमा आएपछी सो पुलसँगै जोडिएका सडकहरू स्तरोन्नती गर्ने कार्य अगाडी बढाउनुका साथै सबै सडकहरूलाई गाउँपालिकाको सडक सञ्जालमा जोडिनेछ ।

८. बस्ती र वडा जोड्ने सडकलाई प्राथमिकता दिईनेछ । सडक निर्माण कार्य गर्दा क्षति कम हुने र सुरक्षाको दृष्टिकोणले सवल ठाउँमा सडकहरू निर्माण गरिनेछ ।

९. यस अघी खोलिएका सडक ट्रयाकहरूको स्तरोन्नती गरी व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । आवश्यकता र प्राथमिकताका आधारमा मात्र नयाँ ट्रयाक खोल्ने नीति लिईनेछ ।

१०. वास्तविक कृषि उत्पादन हुने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा उत्पादित हुने वस्तुलाई नजिक बजारसम्म पुऱ्याउन सहज हुने कृषि सडक निर्माणमा जोड दिईनेछ ।

११. गाउँपालिका स्तरीय योजनाको मर्मत सम्भार गर्न मर्मत सम्भार इकाईको स्थापना गर्ने र सोही इकाई मार्फत कार्य सम्पादन गर्ने नीति लिनुका साथै भुक्तानी हुने योजनाहरूको न्युनतम अंश मर्मत सम्भार कोषमा जम्मा गर्ने र सोही कोषबाट सडक मर्मतको लागि सो रकम प्रयोग गरी दिगो विकासका नीति अख्तियार गरिनेछ ।

१२. चालू आर्थिक बर्षमा शुरू गरिएको सडक बत्तिलाई थप व्यवस्थित बनाईनेछ । गाउँपालिकाभित्रको विद्युत मर्मत सम्भार तथा रेखदेख तथा थप विस्तारको लागी एकजना इलेक्ट्रिसियनको व्यवस्था गरिनेछ।

१३. समुदायले सञ्चालन गरिरहेको सामुदायिक विद्युतीकरणलाई क्रमशः विद्युत प्राधिकरण अन्तर्गत ल्याउने प्रयास गरिनेछ ।

१४. यस आ.व मा वडा नं. १, ४ र ७ को वडा कार्यालय भवन निर्माण गरिनेछ ।

४. डिप बोरिङको मर्मत सम्भार साथसाथै खानेपानी अभाव भएको ठाउँमा लिफ्ट खानेपानी निर्माणमा जोड दिईनेछ । यस्ता आयोजनाहरूमा लाग्ने विद्युत महसुलमा उपभोक्ताहरूलाई बिशेष अनुदानको व्यवस्था गरिनेछ।
५. यस गाउँपालिकाभित्र अव्यवस्थित फोहोरमैलालाई व्यवस्थित गर्न डम्पिङ साईटको खोजी गरी निर्माण कार्य अगाडि बढाईनेछ । यसै आ.व मा ७ वटै वडामा एक/एक वटा डम्पिङ साइडको व्यवस्था गरिने छ ।
६. यस सिद्धलेक गाउँपालिकाभित्र रहेका खानेपानी समस्या ग्रस्त वस्तिहरूमा खानेपानी उपलब्ध गराउनको लागि हालसम्म गरिएका विस्तृत परियोजना प्रस्ताव (DPR) अनुसार कार्यान्वयन गरिनेछ ।
७. पिपलटार आदमटार वृहत खानेपानी योजना यसै वर्ष भित्रमा सम्पन्न गरिनेछ ।
८. ऐतिहासिक पधेंरो र धाराहरूको संरक्षणमा विषेश ध्यान दिइने छ ।

पर्यटन

१. सिद्धलेक गाउँपालिकाको भौगोलिक अवस्थित र यस क्षेत्रमा भएका प्राकृतिक सुन्दरता र उत्पादन संग जोडेर कृषि पर्यटन, खेलकुद पर्यटन र जल पर्यटनको लागि आवश्यक पूर्वाधार तयार गर्नको लागि विशेष पहल गरिने छ ।
२. सिद्धलेक गाउँपालिका अन्तर्गतका वडाहरूमा पर्यटन संभाव्यता अध्ययन गरि एक वडा एक पर्यटन क्षेत्र निर्माण गरिने छ ।
३. गाउँ क्षेत्रको धार्मिक सांस्कृतिक ऐतिहासिक पर्यटनको समग्र विकास गर्न सरोकारवालाहरू सँग समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।
४. सम्भावना सहजता र पहुँचका आधारमा होमस्टे सञ्चालन गर्ने नीति लिईनेछ ।
५. सिद्धलेक गाउँपालिकाको मौलिक साँस्कृतिक कला भेष-भुषा स्थानीय उत्पादन देशैभरी चिनाउन गाउँ महोत्सव आयोजना गरिनेछ ।
६. सिद्धलेक गाउँपालिकामा शहिदहरूको स्मृति पार्क निर्माण कार्यलाई निरन्तरता दिईनेछ । सिद्धलेक, ढेवालेक, साततले गुफा, कुम्पुर डाँडा पर्यटन विकासका लागि सम्भाव्यता बोकेको क्षेत्रहरू भएकाले डि.पि.आर. सम्पन्न भईसकेको र योजना कार्यान्वयनलाई अगाडि बढाईनेछ । सहजताको लागि निजी क्षेत्रसँग पनि समन्वय र सहकार्य गरिनेछ ।
७. असल पर्यटन अभ्यास (Good Tourism Practice) को मापदण्ड निर्धारण र कार्यान्वयन गरिनेछ ।
८. पैदल मार्ग, साइकल मार्ग तथा पर्यटनको सम्भाव्यता अध्ययन गरी व्यवस्थित गरिनेछ ।
९. सिद्धबाबा - थान, ढेवालेक लगायत पर्यटकीय क्षेत्रहरूमा सेड निर्माण, खानेपानी लगायत पूर्वाधार निर्माण गरी पिकनिक स्थलको रूपमा विकसित गरिनेछ ।
१०. विश्व भागवत धाम नेपालको कोष स्थापना गरी धार्मिक क्षेत्रको विकास गरिनेछ।

११. विश्रूवमै दुर्लभ मानिएको काँडे भ्याकुर हाम्रै सिद्धलेक गाउँपालिकाको ढेवालेक सामुदायिक बनक्षेत्रमा पाईने भएकोले सो को संरक्षणको लागि विषेश पहल गरिने र उक्त क्षेत्रलाई वन पर्यटनको रूपमा विस्तार गरिने छ ।

सिंचाई तर्फ

१. खेतीयोग्य जमिनलाई साना मझौला र ठूला सिंचाई योजना पहिचान गरी सिंचाई योजनाको प्रक्रिया अगाडी बढाईनेछ । कृषि उत्पादनको पकेट क्षेत्रमा सिंचाईको प्रविधि सहितको व्यवस्था गरिनेछ ।
२. सिद्धलेक गाउँपालिकाको उच्च भूभागमा प्लाष्ट्रिक पानी पोखरी (Rain Water Harvesting Pond) निर्माण गरी थोपा सिंचाई योजना प्रारम्भ गरिने छ ।
३. थोपलखोला, च्याडुखोला, त्रिशुली र वुढी गण्डकीबाट उच्च प्रविधि मार्फत पानी लिप्ट गरी सुख्खा टारहरू र सम्भावित कृषियोग्य जमिनमा सिंचाई गर्नको लागि (DPR) गरिने छ ।
४. साना तथा मझौला सिंचाई कुलोहरूको बाँध निर्माण र स्तरोउन्नती गरी श्रोतको सुनिश्चितता गरिने छ ।

कृषि तथा पशुपालन तर्फ

उपस्थित महानुभावहरू,

१. कृषि तथा पशुपालन क्षेत्रलाई आयमुलक व्यवसाय बनाई कृषकहरूलाई आत्मनिर्भर बनाईनेछ । कृषि पेशालाई मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रूपमा विकास गर्न आधुनिक कृषि प्रविधिको प्रयोग, उन्नत विउविजन, समयमै मलखादको व्यवस्था, पशुपन्छी तथा वाली बीमाको क्षेत्र विस्तार, प्राङ्गारिक खेतिको प्रवर्द्धन,पशु प्रजननमा उन्नत जातको नश्ल सुधारको प्रयोग, खोप कार्यक्रम, कृत्रिम गर्भाधानमा कृषकको पहुँच बृद्धि, गर्ने नीति लिईनेछ ।
२. भेटेरेनरी ल्यावको स्तरोन्नती गर्दै पशुपन्छीमा लाग्ने विभिन्न रोगहरूको पहिचान तथा परीक्षणको दायरा विस्तार गरी समयमा नै औषधी उपचारको व्यवस्था मिलाईनेछ ।
३. माटो परीक्षणको लागि मिनि प्रयोगशाला सञ्चालन गरी कृषकहरूलाई माटोको गुणस्तर र हावापानी अनुकुल खेती गर्न प्राविधिक सेवा उपलब्ध गराईनेछ ।
४. कृषि प्रणालीलाई व्यवसायीक बनाउन उन्तत जातको बीउहरूको प्रयोगको साथै व्यावसायीक फलफुल, तरकारी खेतीको प्रवर्द्धन साथै पशुपालन क्षेत्रमा गाई/भैंसी तथा बाखा, बंगुर र पन्छीपालन लागत साझेदारीमा गरिने नीति लिईनेछ ।
५. "बाँझो जग्गाको सदुपयोग, उत्पादनमा सहयोग" भन्ने सोचलाई आत्मसात गरी बाँझो जग्गाको सदुपयोग गर्न, खाद्य संकटलाई न्यूनिकरण गर्न घाँसमा आधारित पशुपालन क्षेत्रलाई टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।
६. व्यवसायिक तरकारी तथा फलफुल र कृषिवाली तथा पशुपालनको पकेट क्षेत्र निर्धारण गरी

एक वडा एक पकेट क्षेत्र निर्माण गरिनेछ ।

७. रासायनिक विषादीको प्रयोग न्युनिकरण गर्न जैविक विषादिको प्रयोगमा प्रोत्साहन गरिने नीति लिईनेछ । दीगो तथा सहज कृषि विकासका लागि आवश्यक रणनीति तर्जुमा गर्न अध्ययन अनुसन्धान गरिनेछ ।

८. उत्पादन साथमा अनुदान हातमा भन्रूने नेपाल सरकारको नीति अनुरूप सिद्धलेक गाउँपालिकाले पनि यसै वर्ष देखि उत्पादनमा आधारित रहि कृषकहरूलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।

९. कृषकहरूलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोडी कृषिजन्य उत्पादनको बजारीकरण गरी कृषकहरूलाई सिधै बजारसंग जोड्ने कार्यलाई प्राथमिकता दिइने छ । साथै कृषकहरूले उचित मूल्यमा पाउने अवस्थाको सृजना गरिने छ ।

१०. कृषि समूह तथा कूषि सहकारीहरू संग समन्वय गरी कृषिजन्य उत्पादन संकलन केन्द्रहरू निर्माण गरिनेछ ।

११. कृषिवाली बिमा तथा पशुबिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विशेष पहल गरिने छ ।

१२. कृषि तथा पशुपालन क्षेत्रमा विवरणमूखि कार्यक्रमलाई निरूत्साहित गर्दै परिणाममूखी वनाउनको लागि लागत साझेदारी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३. यसै आ.व मा कृषि एम्वुलेन्सको व्यवस्था मिलाईने छ ।

वातावरण तथा विपद् व्यवस्थापन

१. विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा वडा विपद् व्यवस्थापन समिति र गाउँपालिका अध्यक्षको संयोजकत्वमा पालिकास्तरीय विपद व्यवस्थापन समिति परिचालन साथै अनुकुल विपद् ऐन निर्माण गरिनेछ । प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन सम्बन्धी जनचेतना विस्तारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२. प्राकृतिक एवं गैर प्राकृतिक प्रकोपबाट उत्पन्न विपद व्यवस्थापनका निम्ति सबै वडाहरूमा विपद् व्यवस्थापन उद्धार समिति निर्माण गरिनेछ ।

३. गुनासो फाराम भरेका तर राहतबाट वञ्चित भएका २०७२ को भूकम्प पीडितहरूलाई आवास निर्माणका निम्ति सम्बन्धित निकायमा पहल गरी आवास निर्माणलाई सहयोग पुऱ्याउने नीति लिईनेछ ।

४. "अध्यक्ष र उपाध्यक्ष राहत कार्यक्रम" अघि बढाईने नीति लिईनेछ ।

५. सिद्धलेक गाउँपालिका भित्र प्रकोप र विपद्को दृष्रूटिकोणले कुन स्थान जोखिमयूक्त हुन् ती सवै स्थानको पहिचान गरी अति जोखिमयूक्त स्थल (Red Zone) को रूपमा सूचिकृत गरिने छ ।

६. विपद् जोखिम न्यूनिकरणको लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चाल गरिनेछ।

७. प्रत्येक वडामा विपद् प्रतिकार्य समुह गठन गरि आवश्यकता अनुसार परिचालन गरिने छ।
८. गाउँपालिकामा विपद्, वन र वातावरण शाखा स्थापना गरि विपद्को समयमा तत्काल आवश्यक पर्ने अत्यावश्यक राहत सामाग्रीहरू भण्डारणकव व्यवस्था गरिने छ । साथै प्रत्येक वडामा समेत अत्यावश्यक राहत सामाग्रीहरू भण्डारणको व्यवस्था गरिने छ ।
९. प्रतिकार्य समूहलाई आवश्यक PPE र तालिमको व्यवस्था गरिने छ ।
१०. विपद्जन्य घटनाका कारण व्यक्ति तथा समुदायलाई विपद् व्यवस्थापन सम्वन्धी ऐन तथा कार्यविधी अनुसार राहत उपलब्ध गराईनेछ । साथै आवश्यकता अनुसार राहत, पुनर्वास तथा पुनर्स्थापनाको लागि विशेष पहल गरिने छ ।

वन, जलाधार, वन्यजन्तु र जैविक विविधता

१. वन क्षेत्रलाई स्थानीय तहको आर्थिक स्रोतको एउटा प्रमुख आधार बनाईनेछ । निजी वनलाई प्रोत्साहित गर्दै वनमा आधारित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ ।
२. खाली जमिन, सडकका दायाँ-बायाँ, विद्यालय, खुल्ला चौर, भिरालो जमिन आदिमा बृक्षरोपण गरिनेछ । "एक घर, एक रूख, एक गाउँ, एक वन, एक पालिका, अनेक उद्यान" कार्यक्रम लागू गरिनेछ ।
३. दुर्लभ र लोपोन्मुख वन्यजन्तु र पंक्षीहरूको संरक्षणमा बिशेष ध्यान दिईनेछ । बन क्षेत्रमा डडेलो लगाउने व्यक्तिको सूचना दिने व्यक्तिलाई पुरस्कार र दोषीलाई कानुनी दायरामा ल्याइनेछ ।
४. घर तथा कलकारखानाहरूबाट निस्कने फोहोरको उचित व्यवस्थापनका उपायहरू अबलम्बनका साथै फोहोर उत्सर्जनका लागि निश्चित नियमहरूको व्यवस्था गरिने छ ।
५. स्थानीय तहका महत्वपूर्ण नदी नाला, ताल तलैयाहरूलाई प्रदुषणमुक्त गर्न अभियानको रूपमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
६. प्राकृतिक सम्पदाहरूको क्षयीकरणबाट बचाउनका निम्ति त्रिशुली बचाउ अभियान, थोपल बचाउ अभियान जस्ता विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
७. थोपल खोला, च्याँडुखोला लगायत नदीबाट हुने नदी कटानका समस्या लाई दीर्घकालीन रूपमा समाधान गर्न तटबन्धन कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
८. गाउँपालिका क्षेत्रभित्रका खुल्ला स्थानहरूमा वाटर फाउन्टेन, झरना, बगैचा, नर्सरी, साना जातका बृक्षरोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कलाकृति निर्माण, प्रवर्द्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा टोल विकास संस्थाहरू, स्थानीय क्लव, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरूको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।
९. वातावरण मैत्री पूर्वाधार, विपद व्यवस्थापन तथा वातावरण प्रदुषण नियन्त्रमा जोड दिइनेछ ।

शिक्षा, युवा तथा खेलकुद

१. गुणस्तरीय शिक्षाको लागि भौतिक पूर्वाधार र आर्थिक सम्पन्नता मात्र प्रर्याप्त हुदैन जवसम्म बालमैत्री शिक्षकमैत्री सहित उपयुक्त शैक्षिक वातावरण हुदैन तवसम्म शिक्षामा गुणस्तर आउँदैन । तसर्थ यस आ.व २०८०/०८१ बाट "रमाइलो कक्षा ,गुणस्तरीय शिक्षा" (Happy class Room For quality Education) कार्यक्रम लागु गरिने छ ।
२. प्रत्येक माध्यामिक विद्यालयमा "एक माध्यामिक विद्यालय एक नर्स" को व्यवस्था गरिने छ ।
३. भूमीहिन तथा सुकुम्वासी समुदायका बालबालिकाहरूको पढाईमा लाग्ने सम्पूर्ण खर्च निशुल्क गरिने छ ।
४. बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको लागि थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइने छ ।
५. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बृद्धि गर्न विगतका आर्थिक वर्षहरूमा तय गरिएका कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिमार्जन सहित निरन्तरताका साथै नयाँ थप गर्दै लगिने छ ।
६. प्रविधिमैत्री शिक्षण प्रक्रियामा प्रोत्साहन गर्ने र सिकाईमा नविनतम प्रविधिको प्रयोग गरी पठनपाठन गर्न शिक्षक तथा विद्यालयहरूलाई प्रोत्साहन गरिने छ ।
७. विद्यालयको प्रविधि मैत्री शैक्षिक व्यवस्थापन प्रणालीलाई चुस्त, दुरूस्त र प्रभावकारी बनाउनको लागि सबै विद्यालयहरूलाई कम्तिमा एउटा कम्प्युटर व्यवस्था गर्ने साथै अनलाइन लेखा प्रणालीको विकासको लागि आवश्यक प्रबन्ध मिलाइने छ ।
८. आधारभूत तह कक्षा (१-५) को सबै कक्षमा स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिने छ ।
९. प्रविधि मैत्री शिक्षणलाई व्यवस्थित बनाउनको लागि तालिमको व्यवस्था गरिने छ ।
१०. भौतिक पूर्वाधारको विकास कम भएका विद्यालयहरूलाई पूर्वाधार विकासमा जोड दिइने छ ।
११. सामुदायक विद्यालयको कक्षा ११ र १२ लाई यसै आ.व देखि निशुल्क गरिने छ ।
१२. सामुदायिक विद्यालयहरूमा साझेदारीमा बस व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने नीति लिइने छ ।
१३. गरिब, जेहेन्दार तथा लक्षित वर्ग, प्राविधिक शिक्षा तथा उच्च शिक्षाका विद्यार्थीहरूलाई दिईने छात्रवृत्तिकोष स्थापना तथा व्यवस्थापन गरी निरन्तरता दिईने छ ।
१४. एक माध्यमिक विद्यालय एक उद्यम कार्यक्रम तथा पढ्दै कमाउदै कार्यक्रमको सुरूवात गरिने छ ।
१५. गाउँपालिका भित्रका विद्यालयहरूमा घुम्ती रूपमा हेर्ने गरी एक खेल शिक्षक र एक संगीत शिक्षकको व्यवस्था गरिने छ ।
१६. विद्यालयमा कम्प्युटर प्रिन्टर लगायतका इलेक्ट्रोनिक्स सामाग्रीहरूको मर्मत सम्भारको लागि विशेष व्यवस्था गरिने छ ।
१७. आमा बाबु बिहिन बालबालिकाहरूको लागि दिइदै आएको छुट्टै प्रकृतिको छात्रवृत्तिलाई थप

व्यवस्थित बनाइने छ ।

१८. बालवालिकाहरूको प्रतिभा प्रष्फुटन गर्न शैक्षिक मेला तथा प्रर्दशनिको व्यवस्था गरिने छ ।

स्वास्थ्य तथा समाज कल्याण

१. ५ वर्ष मुनिका बाबालिकाहरूलाई दिईने खोपको पूर्ण सुनिश्रूचितता गरिनेछ ।
२. बालबालिकाहरूको लागि आँखा, कान, तथा दन्त शिविर संचालन गरिनेछ ।
३. समुदायमा रहेको जल्दो बल्दो मानसिक समस्याहरूलाई न्यूनिकरण गर्न गाउँपालिकामा औषधी सहित एक मनोसामाजिक कर्ता व्यवस्थापन गरि मनोपरामर्श सेवा संचालन गरिनेछ ।
४. अपाङ्ग तथा अशक्तहरूको लागि चाहिने आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ ।
५. आयुर्वेद सेवा अत्यावश्यक सेवा भएकोले आगामी आ.व.मा प्रत्येक वडामा सेवा विस्तार गर्ने नीति लिइने छ ।
६. मानव स्वास्थ्यको निम्ती योगा तथा आयुर्वेद सेवा आवश्यक हुने भएकाले यस्ता कार्यक्रमहरूलाई वडा तह सम्म विस्तार गर्ने नीति लिइने छ ।
७. हाल समुदायमा देखिएको नसर्ने रोगहरूको न्यूनिकरण गर्न समुदायमा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
८. जेष्ठ नागरिक तथा दिर्घ रोगीहरूलाई निशुल्क आबश्यक औषधीहरू वितरण गरिनेछ ।
९. स्वास्थ्य संस्थाहरूको स्तर बमोजिम स्वीकृत दरबन्दि अनुसार जनशक्ति व्यवस्थापन नियमित औषधि तथा उपकरण आपूर्तिलाई सुनिश्चित गरिने छ।
१०. जेष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई निरन्तरता दिँदै स्वस्थ्य बालबालिका प्रतियोगिता कार्यक्रम सञ्चालन गरिने छ ।
११. पूर्णखोप दिगोपनको कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ । कोभिड-१९ बिरूद्धको खोप अभियानलाई निरन्तरता दिइने छ ।
१२. सबै सुत्केरी महिलाहरूलाई पोषणको लागि "सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम" लागू गरिने छ साथै सुत्केरी महिलाहरूलाई थप यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिनेछ ।
१३. सुरक्षित प्रसुती सेवालाई प्रोत्साहन गरिनेछ । घरैमा सुत्केरी हुने अवस्थालाई शुन्य गर्दै मातृ तथा नवशिशु मृत्युदर कम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गर्भवती र सुत्केरी महिलाहरूलाई दिईने सेवामा बढोत्तरी गरिनेछ ।
१४. सवै नागरिकहरूलाई स्वास्थ्य संस्था सम्मको पहुँच सुनिश्चित गरिनेछ । प्रजनन स्वास्थ्यको लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. कुपोषणको समस्या तथा न्यूनिकरणको लागि समुदायस्तरमा र विद्यालयहरूमा आमा समुह र शिक्षकहरू विच प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।
१६. प्रसुती केन्द्र तथा स्वास्थ्य संस्थाहरूमा एम्बुलेन्सको व्यवस्था गरी प्रेषण गर्नु पर्ने जटील प्रसुती तथा नवजात शिशुहरूका लागि आवश्यकताको आधारमा निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।

१७. गर्भवती महिलाहरूको स्वास्थ्यलाई विशेष ध्यानमा राख्दै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईने छ ।
१८. प्रत्येक परिवारको पारिवारीक स्वास्थ्य बिमा क्रमशः अगाडि बढाईनेछ ।
१९. सिद्धलेक गाउँपालिकाको लागि एम्वुलेन्स यसै आ.व मा खरिद गरिने छ ।

सामाजिक विकास

उपस्थित महानुभावहरू,

१. विपन्नून र सिमान्तकृत समुदायका बेरोजगार युवाहरूलाई आयमूलक व्यवसायिक तालिममा सहभागी गराई रोजगार उन्मुख बनाईनेछ । सीप विकासका तालिम प्राप्त गरी रकम अभावका कारण व्यवसाय सञ्चालन गर्न कठिनाई भएका युवाहरूलाई सहकारीमार्फत ऋण लिन प्रोत्साहित गराइनेछ ।
२. गाउँपालिकाभित्रका बालवालिकाहरूको पोषण, स्वास्थ्य शिक्षा सहितको बालअधिकारको प्रत्याभूती दिइने गरी कार्यक्रम सञ्चालन गरिनेछ । सिद्धलेक गाउँपालिकालाई सडक बालवालिका मुक्त बनाईने छ ।
३. अपाङ्ग, असक्तहरूलाई दिईरहेको सेवालाई निरन्तरता दिइनेछ । अपाङ्गहरूको जीविकोपार्जनका लागि उनीहरूको अवस्था अनुसार जीवनोपयोगी सीप तथा प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।
४. गाउँपालिकाभित्र रहेका अपाङ्ग र अपाङ्गतासँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी गैरसरकारी क्षेत्रलाई यस कार्यमा परिचालन गरिनेछ । उनीहरूलाई सहयोगी सामाग्री उपलब्ध गराइनेछ ।
५. महिलाहरूको क्षमता विकास गरी उनिहरूलाई सामाजिक क्षेत्रमा संलग्न हुनसक्ने बनाईनेछ । महिलाहरूको जीवनस्तर तथा आयआर्जन सुधारको लागि व्यवसायिक तालिम सञ्चालन गरी व्यवसायिक बनाईनेछ ।
६. दलित, जनजाती र अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत जाति तथा मुस्लिम समुदायको सामाजिक विकासमा सक्रिय सहभागिता गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
७. सिद्धलेक गाउँपालिका भित्र रहेका भूमिहिन तथा सुकुम्वासी परिवारलाई सिपमूलक तालिम तथा रोजगारको व्यवस्था गरिने छ ।
८. भूमीहिन तथा सुकुम्वासी परिवारको लागि गाउँपालिकाद्धारा नै स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।
९. सिद्धलेक गाउँपालिका क्षेत्रको कला, साहित्य, गीत, संगीत जस्ता क्षेत्रमा प्रवर्द्धानात्मक, संरक्षणात्मक तथा अनुसन्धनात्मक कार्य गर्न शुरू गरिने छ । विभिन्न समुदायका लोपोन्मुख कला, भाषा एवम् संस्कृतिको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. बैदेशिक रोजगारीबाट फर्किएका बेरोजगार युवाहरूको लागि उनीहरूले विदेशमा सिकेका सीप र दक्षतालाई प्रयोगमा ल्याउने गरी व्यावसायिक तालिम सञ्चालन गरिनेछ ।

११. "एकल महिला सीपविकास कार्यक्रम उपाध्यक्ष भेटघाट कार्यक्रम" सञ्चालन गरिनेछ ।
१२. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत गाउँ-गाउँमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ
१३. सामाजिक विकासको क्षेत्रमा सहकार्यको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूलाई यस गाउँपालिकामा सामाजिक क्षेत्रमा काम गर्नको लागि प्रोत्साहन र सहजिकरण गरिने छ ।

न्याय तथा सुशासन तर्फ

१. सिद्धलेक गाउँपालिकाको काम कारबाही प्रभावकारी, चुस्त र दुरूस्त बनाईनेछ ।
२. न्यायको पहुँचभन्दा बाहिर रहेका वर्गहरूलाई न्यायको दायरामा ल्याइनेछ ।
३. न्यायिक समितिमा दर्ता भएका विवादहरूको निरूपण मेलमिलापको माध्यमबाट गरिनेछ ।
४. आधारभूत कानूनको वारेमा सरोकारवालहरूलाई कानूनी सचेतना कार्यक्रम मार्फत सुसुचित गरिनेछ ।
५. गाउँपालिकालाई आवश्यक ऐन कानून आवश्यकतानुसार निर्माण गरिने छ ।

रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम)

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई प्राथमिकताक्रमका आधारमा श्रममूलक आयोजना हरूमा समावेश गराई न्यूनतम रोजगारी प्रदान गरिनेछ ।
२. समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्न स्थानीय तहको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. आन्तरिक रोजगार प्रवर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्नश्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
४. रोजगार सेवा केन्द्र मार्फत रोजगारमूलक सेवा, परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

१. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत समुदायमा रहेका एकल महिला, दलित, पिछडिएका वर्ग तथा बेरोजगार व्यक्तिहरूलाई उद्यममशीलता विकास तालिम प्रदान गरी उद्यमीको आवश्यकता र चाहना बमोजिम सीप विकास तालिम प्रदान गरिनेछ ।
२. स्थानीय स्तरमा रहेका स्रोत साधनहरूको पहिचान गरी उपयुक्त स्रोत साधनलाई प्रयोगमा ल्याइनेछ ।
३. नयाँ लघु उद्यमीको आवश्यकताको आधारमा प्रविधि हस्तान्तरण गरी वित्तीय सेवामा पहुँच पुर्याइनेछ ।
४. लघु उद्यमीले उत्पादन गरेका वस्तु वा सेवाहरूको बजार व्यवस्थानमा सहजीकरण गरिनेछ ।
५. पुराना लघु उद्यमीहरूलाई स्तरोन्नति (पुर्नताजगी तथा एड्भान्स सीप विकास तालिम) प्रदान

गरी कम्तीमा जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ।

६. अति गरिब परिवारहरूको लागि कम्तीमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरिनेछ ।

राजस्व व्यवस्थापन तर्फ

१. गाउँपालिका क्षेत्र भित्र रहेका संचालित होटल, रिसोर्ट तथा उद्योग व्यवसायहरूलाइ गा.पा.मा सूचिकृत गराइ करको दायरामा ल्याइने छ ।
२. वजार क्षेत्रमा राखिएका विभिन्न विज्ञापनहरूको होडिङ वोर्डहरूसंग सम्वन्धित विज्ञापन दाताहरूलाइ करको दायरामा ल्याउन पहल गरिने छ ।
३. IEE स्वीकृत भइ खानी संचालन अनुमती समेत लिइ सकेका दर्तावाला खानीहरूलाइ आवश्यक ऐन नियम वनाइ करको दायरामा ल्याइने छ ।
४. निजी जग्गा व्यवस्थापन अन्तरगत उप-उत्पादनको रूपमा निस्कने खनिजजन्य पदार्थलाइ आवश्यक कानूनको तर्जुमा गरी करको दायरामा ल्याइने छ ।
५. निकासी कर र दहत्तर वहत्तर ढुंगा गिट्टी बालुवा विक्री शुल्क उठाउनको लागि वेलैमा ठेक्का वन्दोवस्त गरिने छ ।
६. ढुंगा, गिट्टी, वालुवा, जडिवुटी, कुकाठ आदि निकासीलाइ व्यवस्थित गरी करको दायरामा ल्याइने छ ।
७. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन र सहकारी संस्थाहरूलाई गाउँपालिकामा सूचिकृत गरी करको दायरामा ल्याइने छ र नियमन गरिने छ ।
८. वक्यौता राजस्व असुलीको लागि पहल गरिने छ।
९. आयोजनागत कार्यान्वयनको क्रममा उत्खनन् गर्दा निस्कने ढुंगा ग्राभेल बालुवा जस्ता खनिजजन्य पदार्थको संघीय कानून वमोजिम करको दायरामा ल्याइने छ।
१०. वेलामा ठेक्का वन्दोवस्त नलागेमा कर्मचारी परिचालन गरी अमानतमा कर उठाइने छ।
११. राजस्व सुधार कार्ययोजना अनुसार कर असुली प्रकृया अगाडी बढाइने छ ।
१२. गाउँपालिकाको सिमाना भएर वग्ने त्रिशुली नदीमा हुने च्याफ्टिङ लगायतका जलमार्गसंग सम्वन्धीत व्यवसायवाट कर संकलन गर्न छिमेकी पालिकाहरूसंग समन्वय गरिने छ
१३. गाउँपालिका भित्र रहेका श्रोत साधनको पहिचान गरी वातावरणीय रूपमा पर्न सक्ने प्रभावको अध्ययन गरि त्यस्ता श्रोत र साधनमा विक्री तथा निकासी गर्न आवश्यक ऐन कानुन बनाई कार्यान्वयन गरिने छ ।
१४. सिद्धलेक गाउँपालिका भित्र उप-उत्पादनको रूपमा निस्कने (वालुवा) खनिजजन्य वस्तुहरूको प्रशोधन गर्न पालिका भित्रै प्रशोधन केन्द्रको स्थापना र सञ्चालनको लागि सहजिकरण गरिने छ ।

सार्वजनिक सेवा तथा क्षमता विकास

१. सबै वडा कार्यालयहरूमा सि.सी. क्यामेरा र विद्युतीय हाजिरी जडान गरिनेछ । गाउँपालिका लगायत सबै वडा कार्यालयमा सुचना केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।
२. सूचना प्रविधिको उच्चतम प्रयोग गरी शासकीय व्यवस्थालाई कुशल पारदर्शि र सेवाग्राही मैत्री बनाइने नीति लिइने छ ।
३. कर्मचारीहरू प्रोत्साहित भएमा मात्र सेवा प्रवाह प्रभावकारी हुन सक्छ । गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई प्रोत्साहन गर्नेगरी कार्यक्रमको व्यवस्था गरिनेछ । कर्मचारीहरूलाई ICT लगायत नविन प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ । लागत साझेदारीका आधारमा नविनतम प्रविधिको व्यवस्था गरिनेछ ।
४. पालिकामा रहेका कर्मचारीहरूलाई क्षमतावान बनाउन विभिन्न तालिम दिईनेछ । राष्ट्र सेवकको मनोवल उच्च बनाउन विभिन्न कार्यक्रम ल्याईनेछ ।
५. स्थानीय कर्मचारीहरूको अवकास कोषको रूपमा कर्मचारी कल्याण कोषको व्यवस्था गर्न र उक्त कोष सञ्चालनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को व्यवस्था अनुसार कर्मचारी कल्याणकोष कार्यविधि बनाई लागू गरिनेछ ।
६. कर्मचारीहरूको कार्यबोझ र कार्य सम्पादनका आधारमा निश्चित कार्यविधि तयार गरी प्रोत्साहन गर्ने नीति लिईनेछ । कर्मचारीहरूको मनोबल वृद्धि गर्न मूल्याङ्कनको वैज्ञानिक आधार तयार गरी उत्कृष्ट कर्मचारी पुरस्कारको व्यवस्था गरिनेछ ।
७. यस आर्थिक वर्षदेखी यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको कुनै भवितव्य दुर्घटनामा आवश्यक सहयोगार्थ सामुहिक बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।
८. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको मनोबल बृद्धि गर्दै कार्य सम्पादनमा बढोत्तरी गर्न कर्मचारीहरूलाई तोकिए अनुसारको खाजा तथा सञ्चार खर्च प्रदान गरिनेछ । साथै सो को लागि आवश्यक बजेट पालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन हुनेगरी विनियोजन गरिनेछ।
९. जनप्रतिनिधि तथा कर्मचारीहरूमा क्षमता विकास गर्दै नयाँ प्रविधि र असल अभ्यास आदानप्रदान र सिकाईको लागि अन्तर पालिका अवलोकन भ्रमण गरिनेछ । साथै यसको लागि आवश्यक बजेटको समेत व्यवस्था मिलाईनेछ ।

सूचना तथा सञ्चार

१. गाउँपालिका र वडा कार्यालयबाट सेवा प्रवाह लागि सञ्चालनमा ल्याईएको सफ्टवेयर (नगदी रसिद सम्पत्तिकर, योजना, इ मिटिङ र ई सिफारिस Central Computerized Billing मार्फत् कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन यस गाउँपालिकाको आफ्नै Server संचालन गरिनेछ । साथै आवश्यक सफ्टवेयर कृषि तथा पर्यटन सम्बन्धी सफ्टवेयर, Senior Citizen & Disability,File Management System Software हरू सञ्चालनमा ल्याईने छ। आगामी आ.व २०८०/०८१ मा गाउँपालिकाभित्रका सवै आधारभूत

स्वास्थ्य केन्द्रहरूमा ईन्टरनेट जडान गरिनेछ ।

२. गाउँपालिका र अन्तर्गतका सबै वडा कार्यालयहरूमा CCTV जडान गरिनेछ साथै गाउँपालिकाका सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा बनाईनेछ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गरिनेछ ।

३. सेवाग्राहीहरूको बाक्लो उपस्थिती हुने कार्यालय तथा सार्वजनिक स्थानहरूमा (गाउँपालिका, वडा कार्यालय, प्रतिक्षालय, स्वास्थ्य चौकी) मा निशुल्क इन्टरनेट सेवाको क्रमशः विस्तार गरिँदै लैजाने नीति लिईनेछ ।

४. गाउँपालिकाको Integrated Centrel Database System विकास गरिनेछ । यसका लागि यस आ.व.मा Server स्थापना गरिनेछ । राजस्व, योजना, ई मिटिङ तथा ई सिफारिस सबै एउटै प्रणालीमा आवद्ध गरिनेछ ।

५. गाउँपालिकाको सरकारी इमेल सञ्चालनमा आईसकेकाले कार्यालयको सूचना तथा समाचार आदान प्रदान गर्ने कार्य सरकारी ईमेल मार्फत गरिने छ ।

६. चालु आ.व. मा सिद्धलेक गाउँपालिकाभित्र रहेका ७ वटा विद्यालयहरूका Website / App निर्माण गरिसकेको छ साथै आगामी आ.व. मा यस कार्यक्रमलाई निरन्तरता दिईने छ ।

विविध तर्फ

१. सार्वजनिक जग्गा अतिक्रमण गरेर सञ्चालनामा आएका उद्योग व्यवसायहरूलाई कानूनी दायरामा ल्याईनेछ ।

२. कालुपाण्डे राजमार्ग र गाउँपालिका भरिका सबै ग्रामिण सडकहरूको लगत कट्टा गर्ने नीति लिईनेछ ।

अन्त्यमा,


माथि उल्लिखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न वजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यि नीति तथा कार्यक्रमको लागि बजेट प्रस्तुत गरिनेछ । यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सवै महानुभावहरूलाई धन्यवाद दिन चाहान्छु । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने अतिथिज्यू, राजनीतिक दलका प्रमुख एंव प्रतिनिधि ज्यूहरू, विकास साझेदार संस्थाहरू निर्वाचित जनप्रतिनिधि साथिहरू र सम्पूर्ण गाउँपालिकावासीहरू र कर्मचारी मित्रहरूमा धन्यवाद एंव आभार व्यक्त गर्दछु ।

परशुराम खतिवडा
अध्यक्ष

सिद्धलेक गाउँपालिका, बुङचुङ, धादिङ

गाउँसभाको १३ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्षद्वारा
प्रस्तुत

आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य



सिद्धलेक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ धादिङ
बाग्मती प्रदेश, नेपाल
मितिः २०८०/ ०३/१० गते

उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

सभाध्यक्ष ज्यू,
गाउँसभाका सदस्य ज्यूहरू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राष्ट्रसेवक कर्मचारीहरू,

गाउँपालिकाको १३ औ गाउँसभामा स्वागत एवम् सम्मान व्यक्त गर्दछु ।
संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको युगान्तकारी परिवर्तनको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

१. सिद्धलेक गाउँपालिकाको समग्र क्षेत्रहरू आर्थिक, सामाजिक, धर्मिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रहरूको विकास, विस्तार र संरक्षणका साथै मानवीय जीवनमा अत्यावश्यक पक्षहरू शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार क्षेत्रको विकासका लागि गाउँसभाबाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मूर्तरूप दिन आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमलाई यस गरिमामय गाउँसभामामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी व्यक्त गर्दछु । यस गाउँपालिका लाई समृद्ध गाउँपालिकाको रूपमा विकास गराउन गत वर्षको स्थानीयतहको निर्वाचनबाट हामीलाई अमूल्य मत प्रदान गरी जिम्मेवारी प्रदान गर्नु हुने आम सिद्धलेक वासी मतदाता लगायत सम्पूर्ण जनसमुदायहरू प्रति पुनः कृतज्ञता प्रकट गर्दै नमन गर्न चाहन्छु ।
२. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार र सिद्धलेक गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दीगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर बनाएको छु ।
३. प्रस्तुत बजेट पूर्णरूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाले लिएको समृद्ध सिद्धलेक- सुखी सिद्धलेक, उज्यालो सिद्धलेकको दीर्घकालिन लक्ष्य हासिल हुने मार्गमा अघिबढ्न सकिने पक्षमा म विश्वस्त छु ।
४. आगामी आर्थिक बर्ष २०८०/०८१ को आय-व्यय अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न गाउँ पालिकालाई संघ र प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र गाउँपालिकाको आफ्नै आन्तरिक स्रोत परिचालन गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने जनतालाई तत्काल सेवा तथा विकासको प्रतिफल प्राप्त हुन सक्ने योजना तथा कार्यक्रम छनौट गरी सञ्चालनमा ल्याउन सकिने योजनाहरू

कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

५. चालु आ.व. २०७९।०८० मा संचालन भै निर्माणाधीन रहेका भौतिक पूर्वाधार विकासका कार्यहरू लाई पूर्णता दिने गरी आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा गरिएको छ । यस गाउँपालिका भित्र निर्माण भएका सडक पूर्वाधारहरूको क्रमश कालोपत्रे, सडक ग्राभेलिङ तथा स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु । ग्रामीण कृषिसडकहरूको स्तरोन्नति गरी वर्षैभरी यातायात सञ्चालन गर्न सकिने अवस्थालाई प्राथमिकतामा राखी योजना कार्यान्वयन गरिने पक्षमा बजेट तथा कार्यक्रममा व्यवस्था गरेको छु ।

६. एक घर एक धारा खानेपानी राष्ट्रिय नीति तथा कार्यक्रमलाई सार्थकता दिन एक घर एक धारा सिद्धलेक गाउँपालिकाको अभिभारा जस्ता नीति तथा कार्यक्रमलाई पूर्णता दिने, बस्तीहरूमा विद्युतीकरण गर्ने, उज्यालो सिद्धलेक बनाउने नीति अनुरूप बजार क्षेत्रहरूमा थप विद्युतीय बत्तीहरूको व्यवस्थापनलाई निरन्तरता दिने तथा सडकको पहुँच विस्तार गर्ने, व्यवसायिक कृषि उत्पादन र बजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्ने, शिक्षा तर्फ निशुल्क शिक्षा र सबैको सहज पुग्ने शैक्षिक वातावरणको विकास, सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पारदर्शिता र जवाफदेहिता कायम गर्दै सुशासनको अनुभुति दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरी बजेट विनियोजन गरेको छु ।

७. संघीय सरकार र बाग्मती प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाएको छु ।

चालु आ.व.२०७९।८० को बजेट प्रगति समीक्षा

सभाध्यक्षज्यू, सभासदस्यज्यूहरू

८. अब म चालु आ.व. २०७९/०८० को स्रोतगत बजेट, आम्दानी तथा खर्च लगायतको हालसम्म (असार १० गतेसम्मको) आय- व्ययको प्रगति संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. चालु आर्थिक बर्ष २०७९।०८० को लागि कूल बजेट स्वीकृत गर्दा रू ७० करोड ३ लाख १९ हजार ८ सय ५५ रूपैयाँ ८७ पैसा अनुमान गरिएकोमा हालसम्म (असार १० गते सम्म) आयतर्फ रू ५९ करोड ५१ लाख ४२ हजार ४ सय ५८ पैसा (८४.९८ प्रतिशत) गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।

ख. चालु खर्च तर्फ रू ४२ करोड ५७ लाख ६२ हजार २ सय ५७ रूपैया ५५ पैसा व्यय (खर्च) अनुमान गरिएकोमा हालसम्म (असार १० गते सम्म) रू ३१ करोड ४८ लाख ९८ हजार ४ सय ३६ रूपैया ४१ पैसा (७३.९६ प्रतिशत) खर्च भएको छ ।

ग. यसैगरी पूँजीगत खर्च तर्फ रू २७ करोड ४५ लाख ५७ हजार ५ सय ९८ रूपैंया ३२ पैसा व्यय (खर्च) अनुमान गरिएकोमा हालसम्म (असार १० सम्म) रू १३ करोड ५४ लाख

११ हजार ९ सय ४१ रूपैया ५२ पैसा (४९.३२ प्रतिशत) खर्च भएको छ ।

घ. विपद् व्यवस्थापन कोषमा चालु आ.व. २०७९।०८० मा अघिल्लो आ.व. को रू ६१ लाख ४५ हजार ४ सय ३ रूपैया ७३ पैसा अल्या जिम्मेवारी सहित जम्मा रू ७१ लाख ४५ हजार ४ सय ३ रूपैया ७३ पैसा आम्दानी भएकोमा हाल २०८० असार १० गतेसम्म रू १२ लाख ९४ हजार ८ सय रू९९ रूपैया (१८.१२ प्रतिशत) खर्च भएको छ ।

९. चालु आ.व. २०७९।०८० को स्वीकृत बजेट र २०८० असार १० गते सम्मको आम्दानी र खर्चको विवरण निम्न अनुसार प्रस्तुत गरेको छु ।

सि नं.	अनुदान शीर्षक	प्रस्तावित बजेट	वास्तविक आम्दानी	खर्च	खर्च प्रतिशत
	संघीय (केन्द्रीय) अनुदान तर्फ				
१	समानिकरण अनुदान	१४ करोड ५९ लाख	१२ करोड ४४ लाख६२ हजार ५ सय	८ करोड ४० लाख ४३ हजार ६ सय ८४ रुपैया ९४ पैसा	६७.५३ प्रतिशत
२	समपुरक अनुदान	८० लाख	५० लाख		
३	सशर्त अनुदान चालुतर्फ	२१ करोड २९ लाख ७ हजार	१९ करोड ४९ लाख ७५ हजार	१७ करोड १९ लाख १ हजार ४ सय ५ रुपैया ४० पैसा	८८.१७ प्रतिशत
४	सशर्त अनुदान पूँजिगततर्फ	१ करोड ९६ लाख	१ करोड ९६ लाख	६९ लाख २३ हजार ७ सय ३४ रुपैया	३५.३३ प्रतिशत
	जम्मा संघीय अनुदान	३८ करोड ६४ लाख ७ हजार	३४ करोड४० लाख ३७ हजार ५ सय	२६ करोड २८ लाख ६८ हजार ८ सय २४ रुपैया ३४ पैसा	७६.४१ प्रतिशत
	बागमती प्रदेश अनुदान तर्फ				
५	समानिकरण अनुदान	१ करोड ४२ लाख ४२ हजार	१ करोड ४२ लाख ४२ हजार	१ करोड २८ लाख ८२ हजार ५ सय ८२ रुपैया ९४ पैसा	९०.४५ प्रतिशत
६	सशर्त अनुदान चालु	२ करोड ४४ लाख १४ हजार	२ करोड ४४ लाख १४ हजार	५० लाख ३७ हजार ६ सय ८३ रुपैया	२०.६३ प्रतिशत
७	समपुरक अनुदान चालु	२ करोड	२ करोड	४१ लाख ५६ हजार १ सय ६५ रुपैयाँ मात्र	२०.७८ प्रतिशत
	जम्मा	५ करोड ८६ लाख ५६ हजार	५ करोड ८६ लाख ५६ हजार	२ करोड २० लाख ७६ हजार ४ सय ३० रुपैया ९४ पैसा	३७.६४ प्रतिशत
	राजश्व बाँडफाँडतर्फ				
८	संघीय राजस्व बाँडफाँड तर्फ	८ करोड ७४ लाख ७० हजार	६ करोड ११ लाख २ हजार २ सय ३६ रुपैया ८३ पैसा	५ करोड २६ लाख ९५ हजार ४ सय २२ रुपैयाँ २३ पैसा	८६.२४ प्रतिशत
९	प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने	२ करोड ८ लाख ३८ हजार	१ करोड ५५ लाख ८३ हजार ९ सय १७ रुपैयाँ ८८ पैसा	१ करोड ३० लाख ३७ हजार ३ सय ५९ रुपैया ७८ पैसा	८३.६६ प्रतिशत

सि नं.	अनुदान शीर्षक	प्रस्तावित बजेट	वास्तविक आम्दानी	खर्च	खर्च प्रतिशत
	जम्मा राजश्व बाँडफाँड	१० करोड ८३ लाख ८ हजार	७ करोड ६६ लाख ८६ हजार १ सय ५४ रुपैया ७१ पैसा	६ करोड ५७ लाख ३२ हजार ७ सय ८२ रुपैयाँ १ पैसा	८५.७२ प्रतिशत
	आन्तरिक स्रोत तर्फ				
१०	एकीकृत सम्पत्ति कर	१५ लाख	०		
११	भूमिकर मालपोत	५० हजार	०		
१२	घरबहाल कर	५० हजार	१ लाख ३८हजार ८सय १०		
१३	बहाल विटौरी कर	५० हजार	०		
१४	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	११ लाख ५० हजार	०		
१५	अन्य स्रोतबाट प्राप्त हुने रोयल्टी	१ करोड	०		
१६	अन्य प्रशासनिक सेवा शुल्क	३५ लाख ५० हजार	०		
१७	व्यवसाय दर्ता तथा नविकरण कर	५ लाख	०		
१८	बैक मौज्दात	११ करोड ५४ लाख८३ हजार ८ सय ५५ पैसा ८७	११ करोड ५४ लाख८३ हजार ८ सय ५५ पैसा ८७		
	जम्मा आन्तरिक स्रोत	१३ करोड २३ लाख ३३ हजार ८५५ पैसा ८७	११ करोड ५६ लाख२२ हजार ६ सय ६५ पैसा ८७		
१९	जनसहभागिता	१ करोड ४६ लाख १५ हजार	१ लाख ४० हजार ८०		

१०. चालु आ.व. २०७९/०८० को गाउँपालिकाको आन्तरिक आय तर्फ रू. ३ करोड १८ लाख ५० हजार आय अनुमान गरिएकोमा २०८० असार १० गते सम्ममा जम्मा रू.१ करोड ६६ लाख ६३ हजार २ सय ७५ आन्तरिक आय रकम जम्मा भएको छ ।

११. उल्लेखित विवरण अनुसार हाल २०८० असार १० गतेसम्मको वित्तीय प्रगति अनुसार संघीय अनुदानतर्फ चालु र पुँजीगत गरी ७६.४१ प्रतिशत , प्रादेशिक अनुदानतर्फ कूल ३७.६४ प्रतिशत र केन्द्र र प्रदेशको राजश्व बाँडफाँडवापत प्राप्त अनुदान तर्फ कुल रू ८५.७२ प्रतिशत खर्च भएको देखिएको छ ।

१२. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू आफ्नै प्रशासकीय भवनबाट हुने गरेको छ । यद्यपि हाल भै रहेको प्रशासनिक भवनलाई अझै व्यवस्थित र सेवाग्राही मैत्री बनाउन आधुनिक भवन निर्माणको लागि पहल गरिनेछ।

१३. प्रशासनिक भवनबाट दैनिक सेवा प्रवाहको लागि आवश्यक पर्ने फर्निचर, विद्युतीय उपकरणहरूको व्यवस्थापन गरी कार्यालयलाई सेवाग्राही मैत्री बनाईने नीति लिईनेछ ।

१४. सिद्धलेकका नागरिकका लागि कार्यालयबाट हुने सेवा प्रवाहलाई सु-व्यवस्थित गर्न आधुनिक प्रविधिको प्रयोगलाई प्राथिमकता दिइनेछ । सुशासनमा टेवा दिन कम्प्यूटर सफ्टवेयर प्रविधिद्वारा राजश्रूव, लेखा, जिन्सी, योजना लगायत सबै वडाकार्यालयहरू सञ्रूचालन भईरहेको अवस्थालाई अझै परिस्कृत गर्दै लगिने नीतिलाई निरन्तरता दिइने छ ।

१५. नेपाल सरकारबाट प्राप्त हुने निशर्त अनुदान हरेक बर्ष घट्दो क्रममा रहेको छ । यस सन्दर्भमा आन्तरिक आय वृद्धि गर्न दीगो र स्थायी स्रोतका रूपमा रहेको घरको नक्सा पास र अभिलेखीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिइने छ। प्रक्षेपित आन्तरिक आय अनुसारको राजस्व संकलन प्रकृयालाई प्रभावकारी बनाउन बजेटको नीति अनुरूप आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

१६. वातावरणमैत्री विकास नै दीगो विकासको मुख्य आधार भएकाले गाउँपालिकालाई वातावरणमैत्री स्थानीय शासन अवलम्वन गर्ने उद्धेश्य अनुरूप उचित संरक्षण संवर्द्धन कार्यका लागि बजेटमा व्यवस्था गरेको छु ।

सभाध्यक्षज्यू

१७. अब म यस सम्मानित सभा समक्ष आ.व. २०८०।०८१ को लागि बजेटले लिएको उद्देश्य तथा प्राथमिकताहरूलाई निम्न अनुसार राख्ने अनुमति चाहन्छु,

बजेटका उद्देश्यहरू:

क. गाउँपालिकाको दीगो र एकीकृत विकास प्रकृयालाई निरन्तरता दिने ।

ख. आर्थिक सम्वृद्धि र विकासको लागि पूर्वाधार, सिद्धलेक गाउँपालिकाको मूलआधार भन्ने नारालाई आत्मसात गर्दै सबै प्रकारका विकासको आधारशीला तयार गर्ने ।

ग. समसामयिक प्रविधिमैत्री स्थानीय शासनको व्यवस्था गर्ने सुखी, समृद्ध र आत्मनिर्भर सिद्धलेक गाउँपालिका स्थापना गर्ने ।

घ. स्थानीय जनताको स्वतःस्फूर्त र सक्रिय सहभागिता अभिबृद्धि गर्दै योजना र विकास प्रक्रियामा स्थानीय शान्ति, लोकतन्त्र, मानव अधिकार र सुशासनलाई बलियो बनाउने र स्थानीयस्तरमै रोजगारीको सम्भाव्यता अध्ययन गरी युवाहरूलाई स्वरोजगार वृद्धि गर्ने नीति लिइने छ ।

ङ. गाउँपालिकाको समग्र विकासमा संघीय बजेट, प्रादेशिक बजेट ,दातृसंस्थाहरूबाट प्राप्त बजेट र आन्तरिक स्रोतबाट गाउँपालिकाको दीर्घकालीन विकासको लागि गुरूयोजना, आवधिक योजना तयार गरी परिलक्षित उदेश्य परिपूर्ति गरिनेछ ।

च. लैङ्गिक हिंसाको अन्त्य, लैङ्गिक समानता, समावेशी सामाजिक व्यवस्था, असहाय अशक्त अपाङगता भएका व्यक्ति तथा विपन्न परिवार, दलित, आदिवासी जनजाति, सीमान्तकृत जाति सबै वर्ग र तहका समुदायहरूको जीवनयापनको लागि आधारशिला तयार गर्ने ।

छ. संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय तहहरूसँगको साझेदारीमा योजनाहरू बनाई कार्य गर्ने ।

१८. उल्लेखित उद्देश्यहरू परिपूर्ति गर्न बजेटमा निम्रून बमोजिम प्राथमिकताहरू निर्धारण गरेको छु ।

क. स्थानीय सुशासन र सन्तुलित विकासमा जोड दिने ।

ख. कृषि र पशुपालनको क्षेत्रमा लगानी वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापनमा जोड दिँदै रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।

ग. प्रविधिमैत्री स्थानीय शासनको विकास गर्ने ।

घ. स्थानीय ग्रामिण सडकहरूको सुदृढीकरण, अत्यावश्यक खानेपानी, सिंचाई, पुल लगायतका पुर्वाधारहरूको निर्माणबाट आर्थिक विकास हासिल गर्दै दीगो र एकीकृत विकासमा जोड दिने ।

ङ. महिला सशक्तिकरण तथा आयआर्जन सम्बन्धी कार्यक्रम मार्फत सामाजिक रूपान्तरणमा सहयोग गर्ने ।

च. गाउँपालिकाको दीगो योजना तयार गरी तत्काल प्रतिफल दिने र गौरवका आयोजनालाई प्राथमिकता दिने कार्यक्रम तय गर्ने ।

छ. जेष्ठ नागरिक, अपाङ्गता, मातृशिशु तथा पोषण स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्य र खोप सेवामा पहुँच पुऱ्याउन जोड दिईने ।

ज. शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्धन, युवा तथा खेलकूद जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।

झ. शिक्षालाई बालमैत्री, प्रविधिमैत्री बनाई असल नागरिक तयार गर्न आधारभूत तहदेखि नै स्थानीय पाठ्रूयक्रममा नैतिक शिक्षाको व्यवस्था गर्ने ।

ञ. फोहोरमैला व्यवस्थापन, बनजन्य तथा वातावरणीय क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने तथा विपद् व्यवस्थापन गर्ने ।

ट. संस्थागत क्षमता विकास, लैङ्गिक समानता तथा समावेशीकरणका लागि आवश्यक कानुन निर्माण गर्ने ।

ठ. संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी बढाई पूर्वाधार निर्माणको कार्य गर्ने ।

ड. साना तथा टुक्रे योजनाहरूलाई न्यूनीकरण गर्दै ठूला र प्रभावकारी योजनाहरूमा लगानी गरी उत्पादनमूलक, रोजगारमूलक तथा पूँजीगत विकासका योजनाहरूमा लगानी वृद्धि गर्ने।

आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमको आय व्यय (आम्दानी खर्च) विवरण सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू

१९. अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट सिफारिस भई गाउँ कार्यपालिकाको निर्णय अनुसार कायम हुन आएको शीर्षकगत आय विवरण प्रस्तुत गर्न चाहन्छु ।

सि.नं.	अनुदान शीर्षक	श्रोत	बजेट
१	वित्तीय समानीकरण	संघीय सरकार	१२ करोड ६६ लाख
२	सशर्त अनुदान	संघीय सरकार	२२ करोड
३	समपुरक अनुदान	संघीय सरकार	१ करोड ७५ लाख
४	राजश्व बाँडफाँडबाट प्राप्त राजश्व	संघीय सरकार	८ करोड ५७ लाख ९ हजार ३ सय
	विशेष अनुदान	संघीय सरकार	८० लाख (बुङचुङ एकीकृत वृहत खानेपानी)
५	वित्तीय समानीकरण	प्रदेश सरकार	१ करोड ३४ लाख १८ हजार
६	राजश्व बाँडफाड	प्रदेश सरकार	१ करोड ७३ लाख ५४ हजार ९ सय ५६
७	शसर्त अनुदान	प्रदेश सरकार	२ करोड ४८ लाख ९० हजार
	विशेष अनुदान	प्रदेश सरकार	१ करोड (आदमटार पिपलटार वृहत खानेपानी)
८	समपुरक अनुदान	प्रदेश सरकार	२ करोड (डुम्रेखोला वडा कार्यालय हटिया सडक कालोपत्रे सिद्धलेक १ र अर्चले तारनलाङ ठाँटी सडक कालोपत्रे वडा नं २)
९	आन्तरिक आय (गा.पा. सबै)	आन्तरिक स्रोत	१ करोड ३३ लाख
१०	मालपोत बाँडफाँड	रजिस्ट्रेशन दस्तुर	६० लाख
११	दहत्तर बहत्तर	नदीजन्य	१ करोड
१०	बैंक मौज्दात अल्या	बैंक मौज्दात	१० करोड ५७ लाख ७ हजार ७ सय ४४
	कुल जम्मा		**६७करोड ८४ लाख ८० हजार**

२०.

आ.व. २०८०।०८१ को लागि प्रस्तावित खर्चको अनुमान

क्र.सं.	क्षेत्रगत विषयहरु	आ.व. २०८०/०८१ को प्रस्तावित बजेट अनुमान
१	विषयगत क्षेत्र तर्फ	५,५८,९०,०००
२	कार्यालय सञ्चालन	८,९०,००,०००
३	संघ समपुरक	१,७५,००,०००
४	प्रदेश समपुरक	२,००,००,०००
५	विपद् व्यवस्थापन कोष	७०,००,०००
६	मर्मत संभार कोष	६०,००,०००
७	गाउँपालिका स्तरीय योजना/कार्यक्रम	४,९०,००,०००
८	लागत साझेदारी कोष कृषिजन्य मेशिनरी औजार	५०,००,०००
९	लक्षित पुर्वाधार तर्फ	२,२०,००,०००
१०	वडा कार्यालय भवन निर्माण (वडा नं १,४ र ७)	१,८०,००,०००
११	विद्यालय सञ्चालन अनुदान उ.मा.वि.र अन्य	२५,००,०००
१२	अन्य धार्मिक क्षेत्र अनुदान	१५,००,०००
१३	जग्गा खरिद तथा व्यवस्थापन (गा.पा. अस्पताल)	२५,००,०००
१४	विद्यालय बस, एम्बुलेन्स, दमकल	७०,००,०००
१५	स्मार्ट तथा नगर उन्मुख गा.पा. निर्माण	२०,००,०००
१६	झोलुङ्गे पुल निर्माणमा साझेदारी	७,००,०००
१७	सडक बोर्ड	२०,००,०००
१८	कोभिड कोष तथा असाध्ये रोग आर्थिक सहायता	१५,००,०००
१९	खानेपानी तर्फ (लिफ्टिङ विल सहित)	१५,००,०००
२०	सहकारी तर्फ (दुधमा अनुदान तथा प्रविधि खरिद हस्तान्तरण	२०,००,०००
२१	गा.पा. स्तरीय अन्य कार्यक्रम तर्फ (अध्यक्ष कप, खेलकुद प्रोत्साहन लगायत)	२०,००,०००

२२	अति गरिब विद्युत मिटर अनुदान तथा महशुल समेत	२०,००,०००
२३	आवधिक योजना लगायत परामर्श सेवा सबै	३५,००,०००
२४	कन्टेन्जेन्सी खर्च तर्फ (प्राविधिक इक्युपमेन्ट, फिल्ड भत्ता, मर्मत, इन्धन अन्य)	३०,००,०००
२५	लक्षित कार्यक्रम	१,००,००,०००
२६	वडागत पुर्वाधार तर्फ (५०*७)	३,५०,००,०००
२७	भैपरी पुँजीगत	१,००,००,०००
२८	प्रदेश सशर्त	२,४८,९०,०००
२९	संघ सशर्त	२२,००,००,०००
३०	प्रदेश विशेष	१,००,००,०००
३१	संघ विशेष	८०,००,०००
३२	प्रदेश समपुरक	२,००,००,०००
३३	संघ समपुरक	१,७५,००,०००
	जम्मा	**६७,८४,८०,०००**

२१. चालु आर्थिक बर्ष २०७९।०८० को प्रस्तावित अनुमान रू ७० करोड ३ लाख १९ हजार ८ सय ५५ रूपैयाँ ८७ पैसा अनुमान गरिएकोमा हालसम्म (असार १०गते सम्म) आयतर्फ रू ५९ करोड ५१ लाख ४२ हजार ४ सय ५८ पैसा (८४.९८ प्रतिशत) गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ । आगामी आ.व. २०८०।०८१ को लागि कूल रू ६७ करोड ८४ लाख ८० हजार बजेट अनुमान प्रस्ताव गरिएको छ । जुन चालु आ.व. भन्दा ३.२२ प्रतिशत कम अनुमान गरिएको छ ।

२२. स्रोत साधन सीमित हुँदा हुँदै पनि समृद्ध सिद्धलेक उज्यालो सिद्धलेक बनाउने दृढ अठोटका साथ आम सिद्धलेकवासीको अपेक्षित सेवा प्रवाहमा लागि पर्ने कटिवद्धता व्यक्त गर्दछौं । आ.व. २०८०।०८१ को लागि खर्च (व्यय) अनुमान गर्दा आय अनुमान भन्दा झण्डै १ करोड ८० लाख अल्या जिम्मेवारी थप बढी सर्ने अनुमान गरिएको छ । जुन आय अनुमान भन्दा (२.७५ प्रतिशत बढी व्यय बजेट) बढी खर्च हो ।

सभाध्यक्ष महोदय,

२३. सिद्धलेक गाउँपालिका अन्तर्गत रहेका ७ वटा वडाहरूमध्ये वडा नं. १,४ र ७ मा यसै आ.व. मा पक्की कार्यालय भवन निर्माणको लागि आवश्यक बजेटको ब्यवस्था गरेकोछु ।

२४. सिद्धलेक गाउँपालिकामा व्यावसायिक तरकारी, फलफूल, कृषिबाली तथा पशुपालनको पकेट क्षेत्र निर्धारण कार्यक्रम थालनीको लागि बजेट विनियोजन गरेको छु ।

२५. उत्पादन साथमा अनुदान हातमा भन्रूने नेपाल सरकारको नीति अनुसार सिद्धलेक गाउँपालिकाले

उत्पादनमा आधारित रहि कृषकहरूलाई विशेष अनुदानको लागि १५ लाख विनियोजन गरेको छु।

२६. यस आ.व २०८०/०८१ बाट "रमाइलो कक्षा ,गुणस्तरीय शिक्षा" (Happy Classroom for Quality Education) कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२७. कक्षा ११ र १२ अध्यापन गराउने सामुदायिक विद्यालयहरूमा सबै विद्यार्थीहरूको पहुँच सुनिश्चितता गर्न यसै आ.व. देखि निःशुल्क शिक्षाको लागि बजेटको व्यवस्था गरेकोछु ।

२८. सामुदायिक विद्यालयहरूमा साझेदारीमा बस व्यवस्थापनको लागि ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने नीति लिएको छु ।

२९. जेष्ठ नागरिक तथा दीर्घ रोगीहरूलाई निःशुल्क औषधी वितरणको व्यवस्था मिलाएकोछु ।

३०. सिद्धलेक गाउँपालिकाको लागि एम्बुलेन्स खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३१. आ.व. २०८०।०८१ का लागि प्रत्येक वडालाई कार्यक्रम तथा योजना सञ्रूचालन गर्न रू.५० लाखका दरले कुल जम्मा रू.३ करोड ५० लाखको बजेट व्यवस्था गरेको छु ।

३२. प्रत्येक वडाहरूका लागि पालिकास्तरीय आयोजनाहरू कार्यान्वयनमा ल्याउन प्रति वडा रू ७० लाखका दरले ४ करोड ९० लाख वजेट विनियोजन गरेको छु ।

३३. गाउँपालिका अध्यक्ष र उपाध्यक्षसँग लक्षित पूर्वाधार कार्यक्रम सञ्चालन गर्न २ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

आदरणीय सभाध्यक्ष ज्यू,

अब म देहायबमोजिम क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

३४. आर्थिक विकासः- आर्थिक विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।

क. जनप्रतिनिधिहरूको अन्तर पालिका असल अभ्यास क्षमता विकास ।

ख. पशुपालन तर्फ नमूना खोरगोठ तथा भकारो सुधार ।

ग. एकीकृत स्वास्थ्य कार्यक्रम ।

घ. कर्मचारी क्षमता विकास तथा अन्तरपालिका असल अभ्यासको थालनी ।

ङ. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र व्यवसाय प्रवर्द्धन ।

च. पशुपन्छि पालनको व्यावसायिक प्रवर्द्धन र आयआर्जनमा वृद्धि ।

छ. सिंचित भूभागमा बढोत्तरी ।

ज. पर्यटकीय क्षेत्र तथा आन्तरिक पर्यटनमा वृद्धि ।

झ. अध्यक्ष उपाध्यक्ष राहत कार्यक्रम

ञ. युवाहरूलाई उद्यममा प्रोत्साहन गर्न अध्यक्ष उपाध्यक्ष उद्यमशीलता कार्यक्रम ।

३५. पूर्वाधार विकासः- पूर्वाधार विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।

क. चालु आ.व. २०८०।०८१ मा सडकतर्फका आयोजनाहरूमा आवश्यक बजेट विनियोजन गरी गाउँपालिका अन्तर्गतका सबै सडकहरूको सडक यातायात गुरू योजना तयार भै सकेको हुँदा आ.व. २०८०।०८१ देखि सडक गुरू योजनाले प्राथमिकता किटान गरिएका सडकहरूको आधारमा सडक कालो पत्रे, स्तरोन्नति गर्दै आम नागरिकलाई सहज यातायातको सुविधा पुर्याउने गरी बजेट व्यवस्था गरेको छु ।

ख. सडकबोर्ड नेपालबाट प्राप्त हुने अनुदानबाट गाउँपालिकाभित्रको मुख्य सडकमा गरिने मर्मत सम्भार कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ । गाउँ पालिकाको मुख्य सडकहरूमा दुरी सम्भारकर्ता राखी सडकको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाईने छ ।

ग. गाउँपालिकाको गौरवका सडक आयोजनाहरू बैरेनी पिपल नलाङ ठाँटी कमलाबारी मैदान सडक, बुङचुङ आरूवास भेडाबारी मैदान सडक, परेवाटार कुम्पुर भञ्ज्याङ कालीदह सडक, जरे आदमटार अमिलिछाप भाल्डाँडा भैंसे कुम्पुर भञ्ज्याङ सडक र दोभानटार बेल्टार ठाँटी सडकहरूको कालोपत्रे, स्तरोन्नती र वडा गौरवका सडक आयोजनाहरूलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छु । हरेक बर्षायाममा विग्रने सडकको अवस्था सुधारका लागि "हाम्रो सडक हाम्रै सुरक्षा" कार्यक्रम ल्याएको छु ।

घ. माथि उल्लेखित कार्य गर्नका लागी आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

आदरणीय सभाका अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरू,

३६. आ.व. २०८०/०८१ मा कायम गरिएका करका दरहरूमा बृद्धि नगरिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदै करको दरमा समाबिष्ट भएका तर कार्यान्वयनमा लैजान नसकिएका विभिन्रून राजस्वका क्षेत्रहरूलाई कार्यान्वयनमा लगि आन्तरिक आयलाई बृद्धि गर्न प्रयासलाई निरन्तरता दिइने छ ।

३७. कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिईएको छ भने अर्कोतर्फ सीमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा बजेट छरिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनमा थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ।

३८. कार्यालयको लक्षित उद्देश्य हासिल गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम अनुसारका बजेट तथा आयोजनाहरू सम्पादन गर्न खटिने सबै राष्ट्रसेवक कर्मचारिहरूलाई प्रोत्साहनको लागि थप सुविधा व्यवस्था गरिनेछ। साथै सो सेवा सुविधाको लागि स्रोत व्यवस्थापन गरिने छ । प्रत्येक वर्ष उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्र सेवक कर्मचारीहरूलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

३९. आर्थिक बर्ष २०८०।०८१ को अनुमानित आय-व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावित समग्र योजना तथा कार्यक्रम र बजेट शीर्षकगत रूपमा छुट्टै विवरण पेश गरेको छु ।

४०. आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० यसैसाथ प्रस्तुत गरेको छु ।

४१. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू आदरणीय सभा सदस्यज्यूहरु प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिकाका कर्मचारी,राजनैतिक दल निजी क्षेत्र नागरिक समाज पत्रका आम सरोकारवालाबाट प्राप्त सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजु भाई तथा दिदीबहिनी जनप्रतिनिधि स्थानीय राजनीतिक दल नागरिक समाज निर्माण व्यावसायी उपभोक्ता समिति राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । विगतका बर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको भौतिक पूर्वाधार आर्थिक सामाजिक सास्कृतिक एवं मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरुबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

सविता अर्याल
उपाध्यक्ष

सिद्धलेक गाउापालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८०

सभाबाट स्वीकृत मिति :२०८०/०३/२५

प्रस्तावना:

सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिद्धलेक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ । (२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि सिद्धलेक गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर**: गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल कर**: गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, तरकारी, खाद्यान्न र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत तथा निर्यात गरे वापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर**: गाउँपालिका क्षेत्रभित्र दर्ता भएर चल्ने सवारी साधन अनुसूचि ६ को (२) बमोजिमको सवारी कर लगाइने र असुल उपर गरिनेछ। भने गाउँपालिकाले निर्माण गरेका सडकहरूमा चल्ने सवारी साधनहरूमा अनुसूचि ६ को (१) बमोजिमको पुर्वाधार सेवाको उपयोग पटके कर लगाइने र असुल उपर गरिनेछ । तर संघीय तथा प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर संघीय तथा प्रदेशको कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर संघीय तथा प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी कर**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सवारी साधन पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा तथा सुबिधामा सेवाग्राहीबाट बिक्री तथा निकासीमा सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन तथा प्रवेश शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन तथा प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ । तर संघीय तथा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **वातावरण शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र नियमानुसार अनुसूची १४ मा उल्लेखित दरमा वातावरण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. **दहत्तर बहत्तर शुल्क**: (१)आर्थिक वर्ष २०८०/०८१ मा ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर बहत्तको संकलनमा अनुसुची १५ वमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।
(२) उपदफा (१) बमोजिम संकलित रकम तोकिए बमोजिम वाडफाँड गरिने छ ।

१७. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी नियम वा कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार आवश्यकता अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियम वा कार्यविधि गाउँपालिकाले बनाउन सक्नेछ।

१९. **यसै ऐन बमोजिम भएको मानिने**: यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२०. **साबिक बमोजिम हुने**: यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२१. **बाधा अड्काउ फुकाउ**: यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२२. **खारेजी**: साविकमा सिद्धलेक गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

अनुसूचि १

सम्पति कर

(ऐनको दफा २ संग सम्वन्धित)

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बार्षिक रूपमा देहायको दरमा सम्पति करको दररेट कायम गरिएको छः

क्र.सं.	सम्पत्तिकोमुल्य रू(भन्दा माथि)	सम्पत्तिकोमुल्य रू (सम्मको लागि)	सम्पतिकर आ.व.२०७८।०७९	सम्पतिकर आ.व.२०७९।०८०	सम्पतिकर आ.व.२०८०।०८१
१.	१	५,००,०००	५०	५०	५०
२.	५,००,००१	३०,००,०००	प्रति लाख रु १०	प्रति लाख रु १०	प्रति लाख रु १०
३.	३०,००,००१	१,००,००,०००	प्रति लाख रु १५	प्रति लाख रु १५	प्रति लाख रु १५
४.	१,००,००,००१	३,००,००,०००	प्रति लाख रु २०	प्रति लाख रु २०	प्रति लाख रु २०
५.	३ करोड भन्दा माथि(प्रति लाख रू)		प्रति लाख रु २५	प्रति लाख रु २५	प्रति लाख रु २५

(२) सम्पति कर मुल्याङ्कन गर्दा देहायको आधार अनुसार गरिने छः

१. यस सिद्धलेक गाउँपालिकाको देहायका क्षेत्रमा सम्पति कर प्रयोजनका लागि तपसिल अनुसार न्यूनत्तम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथी चलन चल्ती दररेट राखी स्वघोषणा गर्ने करदाताको सोही घोषित दररेटमा मुल्यांकन गरिने छ ।

२. माथि उपदफा (१) बमोजिम बाहेकको हकमा मालपोत कार्यालय धादिङ्गले रजिष्ट्रेसन पास निमित्त निर्धारण गरेको न्यूनतम दर रेट बमोजिम मुल्याङ्कन हुनेछ ।

(३) सिद्धलेक गाउँपालिका क्षेत्रमा सम्पति कर प्रयोजनका लागि निर्धारण गरेको जग्गाको मुल्याङ्कन रकमः

क्र.सं.	जग्गाको विवरण (प्रति रोपनी)	न्यूनतम २०८०।०८१	अधिकतम २०८०।०८१	कैफियत
१.	कालुपाण्डे राजमार्गले छोएको ५० मिटर भित्रको जग्गा (घडेरी प्रयोजन)	१०लाख	५० लाख	
२.	कालुपाण्डे राजमार्गले छोएको ५० मिटर बाहिरको जग्गा	५ लाख	१० लाख	
३.	परेवाटार माझीटार आदमटार सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	३० लाख	
४.	परेवाटार माझीटार आदमटार सडक भन्दा ५० मिटर बाहिरको जग्गा	२ लाख	२० लाख	
५.	वैरेनी पिपल नलाङ ठाटी पाल्ले सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	२५ लाख	
६.	वैरेनी पिपल नलाङ ठाटी पाल्ले सडक भन्दा ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
७.	पाल्ले कमलाबारी मैदान सडक ५० मिटर भित्रको	५ लाख	१५ लाख	

	जग्गा			
८.	पाल्ले कमलाबारी मैदान सडक भन्दा ५० मिटर बाहिरको जग्गा	२ लाख	६लाख	
९.	आदमटार कूल बाटो सडक ५० मिटर भित्रको जग्गा	२० लाख	५० लाख	
१०.	आदमटार कूल बाटो सडक ५० मिटर बाहिरको जग्गा	५ लाख	२५ लाख	
११.	वुङचुङ फाकफुक वुङचुङ एरिया सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	३० लाख	
१२.	वुङचुङ फाकफुक वुङचुङ सडक एरिया ५० मिटर बाहिरको जग्गा	२ लाख	१५ लाख	
१३.	फाकफुक आरुवास मैदान सडक ५० मिटर भित्रको जग्गा	५ लाख	१० लाख	
१४.	फाकफुक आरुवास मैदान सडक ५० मिटर बाहिरको जग्गा	२ लाख	६ लाख	
१५.	परेवाटार इर्जु कुम्पुर सुकौरा खोला सडक ५० मिटर भित्रको जग्गा	५ लाख	२० लाख	
१६.	परेवाटार इर्जु कुम्पुर सुकौरा खोला सडक ५० मिटर बाहिरको जग्गा	२ लाख	६ लाख	
१७.	अर्चले ठाँटी सडक ५० मिटर भित्र जग्गा	५ लाख	२५ लाख	
१८.	अर्चले ठाँटी सडक ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
१९.	आरुवासटार मैदान सडक ५० मिटर भित्रको जग्गा	५ लाख	१५ लाख	
२०.	आरुवासटार मैदान सडक ५० मिटर बाहिरको जग्गा	२ लाख	१२लाख	
२१.	वेलटार ठाँटी वुङचुङ सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	२० लाख	
२२.	वेलटार ठाँटी वुङचुङ सडकले छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
२३.	माविखोला काम्राङ कुम्पुर सडकले छोएको ५० मिटर भित्रको जग्गा	३ लाख	१० लाख	
२४.	माविखोला काम्राङ कुम्पुर सडकले छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
२५.	वुङचुङ यसलाङ वागभैरुङ सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	१० लाख	
२६.	वुङचुङ यसलाङ वागभैरुङ छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
२७.	झारलाङ्दी डुमीडाँडा वसन्त सडकले छोएको ५० मिटर भित्रको जग्गा	२ लाख	१० लाख	
२८.	झारलाङ्दी डुमीडाँडा वसन्त सडकले छोएको ५० मिटर बाहिरको जग्गा	१ लाख	८ लाख	
२९.	फिसटार कालिका सडकले छोएको ५० मिटर भित्रको जग्गा	५ लाख	३० लाख	

३०.	फिसटार कालिका सडकले छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	८ लाख	
३१.	पाङ्ग्रे चामडाँडा पोखरी भैसे हात्तीसुढा सडकले छोएको ५० मिटर भित्रको जग्गा	३ लाख	१० लाख	
३२.	पाङ्ग्रे चामडाँडा पोखरी भैसे हात्तीसुढा सडकले छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	५ लाख	
३३.	आदमटार अमिलिछाप भालडाँडा पिपलटार सडकले छोएको ५० मिटर भित्रको जग्गा	३ लाख	१० लाख	
३४.	आदमटार अमिलिछाप भालडाँडा पिपलटार सडकले छोएको ५० मिटर बाहिरको जग्गा	२ लाख	५ लाख	
३५.	रायोटार सलाङघाट वेनीदोभान सडक ५० मि भित्रको जग्गा	५ लाख	२० लाख	
३६.	रायोटार सलाङघाट वेनीदोभान सडक ५० मि बाहिरको जग्गा	५ लाख	८ लाख	
३७.	आदमटार भालडाडा भैसे सडकले ५०मिटर भित्रको जग्गा	५ लाख	१० लाख	
३८.	आदमटार भालडाडा भैसे सडकले ५०मिटर बाहिरकोजग्गा	३ लाख	५ लाख	
३९.	अन्य सबै ग्रामिण सडकले छोएको ग्रामिण सडकको प्रति रोपनी	१ लाख	३ लाख	
४०.	अन्य सबै गोरेटो बाटोले छोएको प्रति रोपनी	१ लाख	३ लाख	
४१.	बुढीगण्डकी परियोजनाको प्रभावित क्षेत्रको सबै जग्गाको मुल्यांकन नेपाल सरकारले तोके बमोजिम हुने छ।			

(क) भौतिक संरचना तर्फ सम्पति कर निर्धारण प्रयोजनका लागि मूल्याङ्कन दर देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिने छ।

(ख) बजार क्षेत्र

क्र.सं.	प्रकार	दररेट (प्रतिवर्ग फिट)		ह्रासकट्टी दर प्रतिशत
		२०७९।०८०	२०८०।०८१	
१.	आर सि.सि फ्रेम स्टक्चर	१०००	१०००	१
२.	सिमेन्ट जोडाई इट्टा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु	४००	४००	२
३.	माटोको जोडाई इटा ढुङ्गाको गारो आर.सि सि छाना भएका	३००	३००	३
४.	सिमेन्ट जोडाइ इट्टा वा ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु	३००	३००	२
५.	माटोको जोडाइ इट्टा र ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घर	२००	२००	३
६.	सिमेन्ट जोडाइमा इट्टा र ढुङ्गाको गारो भई टायलको	२००	२००	३

	छाना भएका घरहरु			
७.	माटो ढुङ्गा इट्टाको जोडाइ जस्ताको छाना भएको घरहरु	१००	१००	३
८.	काठको घर तथा अन्य	१००	१००	५

(ग) ग्रामिण क्षेत्र

क्र.सं.	घरको मुल्यांकन	न्यूनतम		अधिकतम		कैफियत
		२०७९।०८०	२०८०।०८१	२०७९।०८०	२०८०।०८१	
१	एक तले पक्की घर	१२ लाख	१२ लाख	२० लाख	२० लाख	
२	दुई तले पक्की घर	१८ लाख	१८ लाख	३० लाख	३० लाख	
३	तीन तले पक्की घर	२५ लाख	२५ लाख	४० लाख	४० लाख	
४	कच्ची घर	३ लाख	३ लाख	१० लाख	१० लाख	
५	गोठ	२५ हजार	२५ हजार	२ लाख	२ लाख	

(४) सम्पति कर निर्धारण गर्दा देहाय अनुसार हुनेछः

१. सम्पती कर र घर जग्गा कर स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ को उपदफा १ बमोजिम आ.व २०८०/०८१ को श्रावण १ गते वाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

२. यस भन्दा पहिला सो घोषित गरी बढी कर तिरेका करदातालाई यस दर बमोजिम समायोजन गर्न चाहेमा कर समायोजन गरिदिने।

३. सम्पति कर निर्धारणका लागि करदाताले तोकिएको ढाँचामा आफ्नो सवै सम्पतिको विवरण खुलाउनु पर्नेछ। करदाताले विवरण पेश गर्दा आफ्नो सवै सम्पतिको विवरण नखुलाई पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पतिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पति मूल्याङ्कन गरि कर निर्धारण गरिने छ। यसरी निर्धारण हुने कर रकम बराबर जरिवाना थप गरी कर असुल गरिनेछ।

४. सम्पति कर बक्यौंता तथा दण्ड जरिवाना दरः गाँउपालिकालाई करदाताले बुझाउनु पर्ने रकम बक्यौंता भएमा देहायं बमोजिम दण्ड तथा जरिवाना लाग्नेछ।

क्र.सं.	बक्यौंता विवरण	जरिवाना प्रतिशत
१	पहिलो वर्ष	५
२	दोस्रो वर्ष	१०
३	तेस्रो वर्ष	१५
४	चौथो वर्ष वा सो भन्दा माथि	२०

५. छुट सम्बन्धी व्यवस्थाः (१)प्रत्येक चालु आर्थिक वर्षको असोज मसान्त भित्र कर तिरेमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ।

(२) पूर्ण अपाङ्गको नाउँमा अचल सम्पती भएमा कुनै किसिमको सम्पति कर लगाईने छैन।

अनुसूचि २
मालपोत तथा भूमिकर
(ऐनको दफा ३ संग सम्वन्धित)

आ.व २०८०/०८१ को लागि मालपोत कार्यालय धादिङले मालपोत तथा भूमिकर तोकेकोमा सो अनुसार दर कायम हुनेछ र नतोकिएको हकमा तपशिल (क) अनुसार दररेट कायम गरिएको छः

क.

१. खेत तर्फः

(क) २० रोपनी भन्दा कम

खेत तर्फ प्रति रोपनी			
अब्वल	दोयम	सिम	चाहार
१०।	९।	८।	७।

(ख) २० रोपनी भन्दा माथी खेत ४० सम्म

अब्वल	दोयम	सिम	चाहार
१२।	११।	१०।	९।

(ग) ४० रोपनी भन्दा माथी खेत

अब्वल	दोयम	सिम	चाहार
१५।	१४।	१३।	१२।

२. पाखो तर्फः

(क) २० रोपनी भन्दा कम

पाखो तर्फ प्रति रोपनी			
अब्वल	दोयम	सम	चाहार
८	७	६	५

(ख) २० रोपनी भन्दा वढी ४० रोपनी भन्दा कम

अब्वल	दोयम	सिम	चाहार
१०	९	८	७

(ग) ४० रोपनी भन्दा वढी

अब्वल	दोयम	सिम	चाहार
१२	११	१०	९

३. भूमि कर तथा मालपोतको बक्यौतामा निम्न अनुसारको जरिवाना रहने छः

क्र.सं.	वर्ष	प्रतिशत
१	पहिलो वर्ष	१०%
२	दोस्रो वर्ष	१५%
३	तेस्रो वर्ष	२०%
४	चौथो वर्ष वा सो भन्दा माथि	२५%

ख. आ.व २०७९/०८० को मिति २०७९/११/२९ को गाउँकार्यपालिकाको बैठकबाट पारित सिद्धलेक गाउँपालिकाको भु उपयोग मापदण्ड, २०७९ अनुसारको मालपोत तथा भुमि कर आ.व २०८०/०८१ बाट लागु गर्ने गरि तपशिल अनुसार दररेट कायम गरिएकोमा सिद्धलेक गाउँपालिका भित्रका सम्पुर्ण जग्गाहरुको कित्ता नम्बर बर्गिकरण मापदण्ड भित्र नसमेटीएको पाईएकोले बर्गिकरण मापदण्ड पूर्ण भएपछि मात्र लागु गरिनेछ ।

१. कृषि क्षेत्र (Agricultural)

करको दर (प्रति रोपनी रु.)			
अब्वल	दोयम	सिम	चाहार
१२।	११।	१०।	९।

२. अन्य जग्गा

क्र.सं.	जग्गाको किसिम	करको दर (प्रति रोपनी रु.)
१	आवसिय(Residencial)	१३।
२	व्यवसायिक(Commercial)	१४।
३	औद्योगिक(Industrial)	१५।
४	खानी क्षेत्र(Mines and Minerals)	१६।
५	जंगल क्षेत्र(Forest)	५।
६	नदि खोला(Reverine, Stream, Lake and Marsh Area)	५।
७	सार्वजनिक(Public Service)	५।

३. भूमि कर तथा मालपोतको बक्यौतामा निम्न अनुसारको जरिवाना रहने छः

क्र.सं.	वर्ष	प्रतिशत
१	पहिलो वर्ष	१०%
२	दोस्रो वर्ष	१५%
३	तेस्रो वर्ष	२०%
४	चौथो वर्ष वा सो भन्दा माथि	२५%

क्र.सं.	वर्ष	प्रतिशत
१	पहिलो वर्ष	१०%
२	दोस्रो वर्ष	१५%
३	तेस्रो वर्ष	२०%
४	चौथो वर्ष वा सो भन्दा माथि	२५%

ख. आ.व २०७९/०८० को मिति २०७९/११/२९ को गाउँकार्यपालिकाको बैठकबाट पारित सिद्धलेक गाउँपालिकाको भु उपयोग मापदण्ड, २०७९ अनुसारको मालपोत तथा भुमि कर आ.व २०८०/०८१ बाट लागु गर्ने गरि तपशिल अनुसार दररेट कायम गरिएकोमा सिद्धलेक गाउँपालिका भित्रका सम्पुर्ण जग्गाहरुको कित्ता नम्बर बर्गिकरण मापदण्ड भित्र नसमेटीएको पाईएकोले बर्गिकरण मापदण्ड पूर्ण भएपछि मात्र लागु गरिनेछ ।

१. कृषि क्षेत्र (Agricultural)

करको दर (प्रति रोपनी रु.)			
अब्वल	दोयम	सिम	चाहार
१२।	११।	१०।	९।

२. अन्य जग्गा

क्र.सं.	जग्गाको किसिम	करको दर (प्रति रोपनी रु.)
१	आवसिय(Residencial)	१३।
२	व्यवसायिक(Commercial)	१४।
३	औद्योगिक(Industrial)	१५।
४	खानी क्षेत्र(Mines and Minerals)	१६।
५	जंगल क्षेत्र(Forest)	५।
६	नदि खोला(Reverine, Stream, Lake and Marsh Area)	५।
७	सार्वजनिक(Public Service)	५।

३. भूमि कर तथा मालपोतको बक्यौतामा निम्न अनुसारको जरिवाना रहने छः

क्र.सं.	वर्ष	प्रतिशत
१	पहिलो वर्ष	१०%
२	दोस्रो वर्ष	१५%
३	तेस्रो वर्ष	२०%
४	चौथो वर्ष वा सो भन्दा माथि	२५%

अनुसूचि ४
व्यवसाय कर
(ऐनको दफा ५ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय गर्ने व्यवसायीहरूले बार्षिक रूपमा देहाय बमोजिम व्यवसाय कर तिर्नु पर्नेछ । व्यापार व्यवसाय गर्दा गाउँपालिकामा अनिवार्य रूपमा व्यापार व्यवसाय दर्ता गरी हरेक आर्थिक वर्षमा तोकिएको मिति सम्म नविकरण गर्नुपर्नेछ । व्यवसायको प्रकृतिका आधारमा देहाय बमोजिमको दररेट कायम गरिएको छ ।

क्र.सं.	व्यापार व्यवसाय विवरण	बार्षिक व्यवसाय कर			कैफियत
		आ.ब. २०७८।०७९	आ.ब. २०७९।०८०	आ.ब. २०८०।०८१	
१.	**खाद्य पदार्थ दाल,चामल,तेल,गेडागुडी,मैदा,चिउरा र दैनिक उपभोग्य वस्तुहरू आदि व्यवसाय गर्ने (किराना)**				
क.	बजार क्षेत्रमा थोक डिलर बिक्रेताको लागि	२०००	२०००	२०००	
ख.	बजार क्षेत्रमा खुद्रा बिक्रेताको लागि	५००	५००	५००	
ग.	खाद्यान्न डिपो (चामल, पीठो, चिउरा, आलु, प्याज आदिका लागि)	१०००	१०००	१०००	
घ.	ग्रामिण क्षेत्रको लागि थोक पसल	८००	८००	८००	
ङ.	ग्रामिण क्षेत्रको लागि खुद्रा पसल	४००	४००	४००	
२.	**मिठाई पसलहरूका लागि**				
क.	बजार क्षेत्रका ठूला मिठाई पसलको लागि	१५००	१५००	१५००	
ख.	बजार क्षेत्रका मिठाईको पसलका लागि	१०००	१०००	१०००	
ग.	ग्रामिण क्षेत्रका मिठाईको पसलका लागि	५००	५००	५००	
३.	**कोल्डिंड्रंस,पान,चिया जस्ता पसल**				
क.	कोल्डिंड्रंस पसल	८००	८००	८००	
ख.	पान पसल तथा साना खुद्रा पसलका लागि	४००	४००	४००	
ग.	पाउरोटी,बेकरी तथा चिया राख्ने पसल	४००	४००	४००	

घ.	चिया पसल मात्र	२००	२००	२००	
४.	**सपिङ कम्प्लेक्स,डिपार्टमेण्ट स्टोर्स**				
क.	डिपार्टमेण्ट स्टोर्स	३०००	३०००	३०००	
ख.	सपिङ कम्प्लेक्स	२०००	२०००	२०००	
ग.	बिग्मार्ट स्टोर्स	१०००	१०००	१०००	
५.	**मदिरा तथा सुर्तिजन्य सामाग्री विक्रेता**				
क.	मदिरा थोक बिक्रेता	३०००	३०००	३०००	
ख.	मदिरा खुद्रा बिक्रेता	२०००	२०००	२०००	
ग.	सुर्तीजन्य सामाग्री थोक बिक्रेता	२०००	२०००	२०००	
घ.	सुर्तीजन्य सामाग्री खुद्रा बिक्रेता	१५००	१५००	१५००	
ङ.	मदिरा तथा सुर्तिजन्य पदार्थ विक्रेता	१५००	१५००	१५००	
६.	**होटल, लज, रेष्टुरेन्ट वार, क्याफे, भोजंनालय,मिष्ठान भण्डारतथा जलपान**				
क.	उच्च स्तरिय होटल	८०००	८०००	१५०००	
ख.	रिसोर्ट होटल	५०००	५०००	७०००	
ग.	ठूला खाले खाना होटल तथा रेष्टुरन्ट	४०००	४०००	५०००	
घ.	मम्फौला खाले खाना होटल	३०००	३०००	३०००	
ङ.	साना खाले खाना होटल	१०००	१०००	१०००	
च.	साधारण खाना होटल	५००	५००	५००	
छ.	ठूला खाले मदिरा सहितका होटल	४०००	४०००	४०००	
ज.	मदिरा सहितको होटल	१०००	१०००	१०००	
झ.	मदिरा थोक बिक्रेता	५०००	५०००	५०००	
ञ.	मःम पसल	७५०	७५०	७५०	
	खाना नास्ता मदिरा समेत लज :				
ट.	५ कोठा सम्म लज	१०००	१०००	१०००	
ठ.	१० कोठा सम्म लज	२०००	२०००	२०००	
ड.	सो भन्दा माथि कोठा भएको लज	३०००	३०००	३०००	
ढ.	दोहरी साँझ	२५००	२५००	२५००	
७.	**मासु बिक्रेता**				
क.	धेरै थरिका मासु विक्रेताको लागि (खसी,बोका,कुखुरा,माछा आदि)	५००	५००	१०००	
ख.	कुनै एक थरिका मासु विक्रेताको लागि	८००	८००	८००	

ग.	मासु पसल (ग्रामिण क्षेत्रमा)	४००	४००	४००	
घ.	राँगाको मासु बिक्रेताको लागि	१३००	१३००	१३००	
ङ.	अण्डा बिक्रेता	२००	२००	२००	
च.	वध शाला	३०००	३०००	३०००	
छ.	खसी,बोका,राँगा व्यपारी	१०००	१०००	१०००	
८.	**सुन, चाँदी पसल**				
क.	सुन,चाँदी खरिद विक्री तथा गहना बिक्रेताका सोरुम भएका	२५००	२५००	२५००	
ख.	सुन,चाँदी खरिद बिक्री तथा गहना पसल	१५००	१५००	१५००	
ग.	ज्यासल (ज्यासल लिई सुन चाँदीको काम गर्नको लागि)	१०००	१०००	१०००	
९.	**शृङ्गारका सामानका पसलहरू**				
क.	शृङ्गारका सामानका थोक बिक्रता पसल	१०००	१०००	१०००	
ख.	शृङ्गारका सामानका खुद्रा पसल	६००	६००	६००	
ग.	खेलौना तथा गिफ्ट सामानका पसल	४००	४००	४००	
घ.	ग्रामिण क्षेत्रका शृङ्गार तथा गिफ्ट सामानका पसल	३००	३००	३००	
१०.	**निर्माण सामाग्री हार्डवेयर**				
क.	बजार क्षेत्रमा हार्डवेयर थोक बिक्रेताको लागि	३०००	३०००	३०००	
ख.	बजार क्षेत्रमा हार्डवेयर खुद्रा बिक्रेताको लागि	१०००	१०००	१०००	
ग.	ग्रामिण क्षेत्रको लागि हार्डवेयरखुद्रा पसल	८००	८००	८००	
घ.	रंगरोगनको थोक तथा ठूला खुद्रा बिक्रेता	१५००	१५००	१५००	
ङ.	हार्डवेयर,निर्माण सामाग्री,रंगरोगन सम्बन्धी सप्लायर्स ठूलो	५०००	५०००	५०००	
च.	हार्डवेयर,निर्माण सामाग्री,रंगरोगन सम्बन्धी सप्लायर्स मझौला	३०००	३०००	३०००	
छ.	हार्डवेयर,निर्माण सामाग्री,रंगरोगन सम्बन्धी सप्लायर्स साना	२०००	२०००	२०००	
ज.	ईटा,काठ,दाउरा, सिमेन्ट बिक्री गर्ने डिपो	१०००	१०००	१०००	
झ.	फलाम र फलामजन्य बिक्रेता	२०००	२०००	२०००	
ञ.	घर सजावटका सामान बिक्रेता (ठूला)	३०००	३०००	३०००	
ट.	घर सजावटका सामान बिक्रेता (मझौला)	२०००	२०००	२०००	

ठ.	घर सजावटका सामान बिक्रेता (साना)	८००	८००	८००	
११.	**कपडा तथा फेन्सी पसल**				
क.	तयारी तथा थान कपडा पसल (ठूलो)	२०००	२०००	२०००	
ख.	तयारी तथा थान कपडा पसल (मझौला)	१०००	१०००	१०००	
ग.	तयारी तथा थान कपडा पसल (साधारण)	८००	८००	८००	
घ.	सिरक,डसना बनाउने तथा बिक्री गर्ने	१०००	१०००	१०००	
ङ.	तयारी तथा थान कपडा पसल (ग्रामिण क्षेत्रमा)	५००	५००	५००	
च.	पर्दा,कार्पेट तथा डेकुरेशन पसल	१०००	१०००	१०००	
छ.	पर्दा,कार्पेट तथा डेकुरेशन पसल (ग्रामिण क्षेत्रमा)	५००	५००	५००	
ज.	टाँक, धागो,ऊन आदि जस्ता सामान बेच्ने पसल	८००	८००	८००	
झ.	फेन्सी पसल	१०००	१०००	१०००	
ञ.	फेन्सी पसल (ग्रामिण क्षेत्रमा)	५००	५००	५००	
१२.	**फर्निचर उद्योग तथा बिक्रेता**				
क.	काठ,स्टिल र प्लास्टिकका फर्निचर उत्पादक	२०००	२०००	२०००	
ख.	काठ,स्टिल र प्लास्टिकका फर्निचर पसल	१०००	२०००	२०००	
ग.	काठ,स्टिल र प्लास्टिकका फर्निचर पसल (ग्रामिण क्षेत्र)	८००	८००	८००	
घ.	दाउरा बाँस बिक्रि डिपो	५००	५००	५००	
१३.	**जुत्ता चप्पल पसल**				
क.	स्वोरूम सहित स्वदेशी तथा विदेशी जुत्ता,चप्पल बिक्रेता पसल	१५००	१५००	१५००	
ख.	अन्य जुत्ता चप्पल बिक्रेता पसल	५००	८००	८००	
ग.	परम्परागत सीप प्रयोग गरेर निर्माण गरेका घरेलु जुत्ता पसल	३००	३००	३००	
१४.	**भाँडा पसल**				
क.	स्टिल, तामा,पित्तल, आल्मुनियम भाँडा तथा उपहार बेच्ने पसल	१०००	१०००	१०००	
ख.	स्टिल, तामा,पित्तल, आल्मुनियम भाँडा तथा उपहार बेच्ने पसल (साधारण)	५००	५००	५००	
ग.	स्टिल, तामा,पित्तल, आल्मुनियम भाँडा तथा उपहार बेच्ने पसल (ग्रामिण क्षेत्र)	५००	५००	५००	
घ.	प्लास्टिक जन्य भाँडा,फलाम तथा अन्य	४००	४००	४००	

	भाडा पसल				
ङ.	माटाको भाँडा पसल	३००	३००	३००	
च.	प्लाई तथा सिसा पसल	१५००	१५००	१५००	
१५.	**ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक सामान पसल**				
क.	फ्रिज, टेलिभिजन लगायत ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक सामानको अधिकृत बिक्रेता	१५००	१५००	१५००	
ख.	फ्रिज, टेलिभिजन लगायत ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक सामानको अन्य बिक्रेता	१०००	१०००	१०००	
ग.	कम्प्यूटर बिक्रेता तथा पार्टपुर्जा बिक्रेता	१५००	१५००	१५००	
घ.	फ्रिज, टेलिभिजन लगायत ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक सामानको मर्मत गर्ने पसल	५००	५००	५००	
ङ.	माईक,साउण्ड मर्मत तथा भाडामा दिने पसल	६००	६००	६००	
च.	विद्युतिय सामान बिक्रेता	५००	५००	५००	
छ.	भिडियो,तथा रेडियो क्यासेट (रिल) सिडी,पेन ड्राईभ कपि गर्ने तथा बिक्रेता	३००	३००	३००	
ज.	विद्युतिय सामान मर्मत तथा सेबा	३००	३००	३००	
झ.	मेशिनरी सामान बेरिङ रिपेरिङ तथा बिक्री (मोटर जेनेटर)	१०००	१०००	१०००	
ञ.	मोबाईल सामान सोरुम तथा बिक्रि केन्द्र	१०००	१०००	१०००	
ट.	मोबाईल सामान मर्मत केन्द्र तथा पसल	६००	६००	६००	
१६.	**घरेलु सिप मुलक सामाग्री उत्पादक तथा बिक्रेता**				
क.	ट्यांका(बाकस),झोला,बेत,बाँस बिक्रेता	४००	४००	४००	
ख.	खेलौना तथा उपहार सामान निर्माण तथा बिक्रेता	३००	३००	३००	
ग.	होजियारी पसल	३००	३००	३००	
घ.	चित्रा,डोका,नाम्ला,भकारी आदि बनाएका घरेलु सीपमुलक उत्पादन बिक्रेताका लागि	३००	३००	३००	
१७.	**फोटो फ्रेम तथा ग्लास हाउस**				
क.	फोटो फ्रेम तथा ग्लास हाउस (बजारमा)	६००	६००	६००	
ख.	फोटो फ्रेम तथा ग्लास हाउस(ग्रामिणमा)	४००	४००	४००	
१८.	**फोटो ग्राफि**				
क.	फोटो ग्राफि (बजार क्षेत्र)	५००	५००	५००	
ख.	फोटो ग्राफि (ग्रामिण क्षेत्र)	३००	३००	३००	

१९.	**पार्टी प्यालेस तथा टेण्ट हाउस**				
क.	पार्टी प्यालेस	१०००	१०००	१०००	
ख.	टेण्ट हाउस तथा क्याट्रिङ सेवा	१०००	१०००	१०००	
ग.	क्याट्रिङ सेवा	५००	५००	५००	
२०.	**सवारी साधन संचालन व्यवसायी**				
क.	बस,जिप,ट्रक,डोजर संचालक	५०००	५०००	५०००	
ख.	जिप संचालक	२०००	२०००	२०००	
२१.	**मोटर,मोटर साईकल तथा पार्टस बिक्री तथा मर्मत**				
क.	सवारी साधन तथा सो संग सम्बन्धित पार्टस सामान बिक्रता (ठूला)	६०००	६०००	६०००	
ख.	सवारी साधन तथा सो संग सम्बन्धित पार्टस सामान बिक्रता (मझौंला)	२०००	२०००	२०००	
ग.	सवारी साधन तथा सो संग सम्बन्धित पार्टस सामान बिक्रता (साना)	३०००	३०००	३०००	
घ.	सवारी साधन तथा सो संग सम्बन्धित पार्टस सामान बिक्रता (सामान्य)	१५००	१५००	१५००	
ङ.	मोटर बोडि बिल्डर्स	२०००	२०००	२०००	
च.	मोटर साईकलको आधिकारिक शोरूम सहितको सर्भिसिङ सेन्टर	२५००	२५००	२५००	
छ.	रिकन्डिसन मोटर साईकल बिक्रेता	१०००	१०००	१०००	
ज.	बजार क्षेत्रमा गाडी तथा मोटरसाईकल मर्मत गर्ने	१०००	१०००	१०००	
झ.	टायर रिसोलेशन तथा मर्मत केन्द्र (गाडी)	१५००	१५००	१५००	
ञ.	टायर रिसोलेशन तथा मर्मत केन्द्र (मोटरसाईकल)	१०००	१०००	१०००	
ट.	टायर बिक्रता	१०००	१०००	१०००	
२२.	**स्टेशनरी ,किताव तथा पत्रपत्रिका**				
क.	किताव,कापी, खेलकुद सामाग्री बेच्ने पसल	१०००	१०००	१०००	
ख.	साधारण किताव,कापी, खेलकुद सामाग्री बेच्ने पसल	६००	६००	६००	
ग.	स्टेशनरी पसल (बजार क्षेत्र)	१०००	१०००	१०००	
घ.	स्टेशनरी पसल (ग्रामिण क्षेत्र)	५००	५००	५००	
ङ.	ग्रामिण क्षेत्रमा किताव,कापी, खेलकुद सामाग्री बेच्ने पसल	४००	४००	४००	

२३.	**होस्टेल तथा शिशुस्यार केन्द्र**				
क.	होस्टेल तथा किन्डर गार्डेन व्यवसाय	७००	७००	७००	
ख.	शिशु स्यार केन्द्र	३००	३००	३००	
२४.	**स्वास्थ्य केन्द्र तथा अस्पताल**				
क.	निजी क्षेत्रबाट संचालित अस्पताल, नर्सिङहोम	३०००	३०००	३०००	
ख.	स्वास्थ्य क्लिनिक	१०००	१०००	१०००	
ग.	थोक औषधि पसल (ठूलो)	१०००	१०००	१०००	
घ.	थोक तथा खुद्रा बिक्रेता औषधि पसल क्लिनिक समेत	२०००	२०००	२०००	
ङ.	औषधि पसल (साधारण) बजार क्षेत्रमा	५००	५००	५००	
च.	औषधि पसल (साधारण) ग्रामिण क्षेत्रमा		४००	४००	
छ.	होमोपेथिक , आयुर्वेदिक औषधालय	५००	५००	५००	
ज.	चस्मा,अप्टिकल,दन्त सेवा तथा बिक्रेता	५००	५००	५००	
झ.	ल्याव,एक्सेरे भएका प्रयोगशाला	१०००	१०००	१०००	
ञ.	भेट्नरी औषधी बिक्रेतापसल(बजार क्षेत्रमा)	२०००	२०००	२०००	
ट.	भेट्नरी औषधी बिक्रेता पसल (ग्रामिण क्षेत्रमा)	४००	१०००	१०००	
ठ.	जडीबुटी संकलन, बिक्री तथा उद्योग	१०००	१०००	१०००	
२५.	**हजाम व्युटी पार्लर तथा ड्राईक्लिनर्स सेवा**				
क.	हजाम पसल (बजार क्षेत्र)	५००	५००	५००	
ख.	हजाम पसल (ग्रामिण क्षेत्र)	४००	४००	४००	
ग.	व्युटी पार्लर तथा तालिम समेत	६००	१०००	१०००	
घ.	ड्राईक्लिनर्स	३००	३००	३००	
ङ.	पानपसल	३००	३००	३००	
२६.	**सूचिकार तथा सिलाई सेवा**				
च.	सटिङ सुटीङ लेडिज एण्ड जेन्स (कपडा सहित)	१०००	१०००	१०००	
छ.	कपडापसल सहित सिलाईमिसिन हुने लाई	६००	६००	६००	
